# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## दोगडाकेदार गाउँपालिका


## बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## दोगडाकेदार गाउँपालिका
## बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## दोगडाकेदार गाउँपालिका

बैतडी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५६८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दोगडाकेदार गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले दोगडाकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ९ करोड २७ लाख ९५ हजार बेरुजू देखिएको छ। सोमध्ये रु. २९ लाख ६ हजार प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजूमा असुल गर्नुपर्ने रू. ५४ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड ७३ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५३ लाख ८ हजार र पेश्की रू. १७ लाख ३१ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ८ करोड ८९ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ८८ लाख १६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभुतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

दोगडाकेदार गाउँपालिका, बैतडी

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०० | ९० | ९२७९५ | ० | ३ | २९०६ | १०० | ८७ | ८९८८९ | ५४९९ | १५३०८ | ६७३५१ | ० | ० | ८२६५९ | १७३१ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ३३ | अनुदान फिर्ता | २८३०८८० |
| २ | १११ | महङ्गि भत्ता | २४००० |
| ३ | १११ | महङ्गि भत्ता | ५०८८० |
| | | जम्मा | २९०५७६० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोगडाकेदार गाउँपालिका बैतडी | ८८९२७ | ० | ० | ८८९२७ | ० | ८९८८९ | १७८८१६ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : दोगडाकेदार गाउँपालिका, बैतडी , दोगाडाकेदार गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | RAVINDRA BAHADUR DHAMI | २०७६-९-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | PADAM BAHADUR KARKI | २०७६-९-१३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ८९,८८९,४१० |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,८९,२३,९४१.७६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,९६,०५,८८० | **चालु खर्च** | ३८,४४,५६,३७७ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८३,९२,००० | **पूँजीगत खर्च** | १३,६७,७३,६२५ |
| **राजश्व बाँडफाँट** | ७,८३,८१,३४०.८२ | **वित्तीय/अन्य व्यवस्था** | १८,२६,७२,८७४.९ |
| **आन्तरिक आय** | ६२,७८,१३८.३३ | | |
| **अन्य आय** | १६,२२,५६,११८.०९ | | |
| **कुल आय** | ६७,४९,१३,४७७.२४ | **कुल खर्च** | ७०,३९,०२,८७६.९ |
| **बाँकी मौज्दात** | | २,९९,३४,५४१.७ | |

| **क्रम** | **भौचर न** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|

| | म्बर | | | |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दोगडा केदार गाउँपालिका स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४८ सभा सदस्य, १२६ वर्ग किलोमिटर क्षेत्रफल तथा २४ हजार ६३२ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०६।७ मा व्यवस्थापनसँग छलफल सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् । | |
| ३ | | | **वित्तीय विवरण —**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ९५,३१,८८०।ले फरक देखिएको छ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने | |

<table>
<tr><td></td><td></td><td></td><td>व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भए तापनि आर्थिक विवरणले सम्पूर्ण कारोबार एकिकृत विवरण प्रस्तुत गर्दैन ।<br>• पालिकाले यस आर्थिक वर्षमा रु. ७३३८३७४१८।७ को आय व्यय विवरण पेश गरेकोमा सामाजिक सुरक्षा तर्फको रु.११९२५४८६५।० र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमतर्फ रु.३२०६५०३४।० समेत रु.१५१३१९८९९।० सुत्रको म.ले.प. फाराम नं.२७२ मा समावेश भएको छैन । कार्यालयको सम्पूर्ण आर्थिक कारोबार फरक सफ्टवेयरको प्रयोगको कारण एकिकृत आर्थिक विवरणमा समाबेश भएको पाइएन । एकै सफ्टवेयरको प्रयोग गर्ने तथा समग्र कारोबार समवेश हुने गरी एकीकृत आय व्यय निर्माण गर्नेतर्फ सम्बन्धित निकाय र पालिकाको ध्यान जानुपर्दछ । अतः तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको —<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण<br>श्रेस्तामा भन्दा बैंकमा निम्नानुसार रु ९५३१८८० फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु
<table>
<tr><th>क्र. स</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>ग ४. १ संचित कोष खाता</td><td>९३००६२८.८</td><td>९३००६२८.८</td><td>0.0</td></tr>
<tr><td>२</td><td>ग २. १ चालु खर्च खाता</td><td>४७६१८४२.४</td><td>४७६१८४२.४</td><td>0.0</td></tr>
<tr><td>३</td><td>ग २ .३ पुजिगत खर्च खाता</td><td>९८९८६८३.५</td><td>९८९८६८३.५</td><td>0.0</td></tr>
<tr><td>४</td><td>ग ३ धरौटी खाता</td><td>४३५३०८२</td><td>४३५३०८२</td><td>0.0</td></tr>
<tr><td>५</td><td>ग ७ .२ प्रकोप व्यवस्थापन खाता</td><td>४५१३८५०</td><td>४५१३८५०</td><td>0.0</td></tr>
<tr><td>६</td><td>ग १. १ आन्तरिक राजश्व खाता</td><td>०</td><td>०</td><td>0.0</td></tr>
<tr><td>७</td><td>ग १. २ बाँडफाँड बाट प्राप्त खाता</td><td>०</td><td>०</td><td>0.0</td></tr>
<tr><td>८</td><td>ग १ .३ आन्तरिक अनुदान खाता</td><td>९५३१८८०</td><td>०</td><td>९५३१८८०</td></tr>
<tr><td>९</td><td>ग ५ .१ विविध कोष खाता</td><td>११२३४७२.५</td><td>११२३४७२.५</td><td>0.0</td></tr>
</table></td><td>९,५३१,८८०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १० | विविध खर्च खाता | ३२७७७४.५२ | ३२७७७४.५२ | 0.0 |
| ११ | विभाज्य कोष खाता | १३३०३० | १३३०३० | 0.0 |
| | | ४३९४४२४३.७ | ३४४१२३६३.७ | ९५३१८८० |

५

**आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.४७,६१,८४२।३६ पुजीगत खर्च खातामा रु ९८९८६८३।५० र विभाज्यकोषमा रु १,३३,०३०।समेत गरी रु १,४७,९३,५५५।५ मौज्दात राखेको पाईयो ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको र इ टीडिएस गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन।

| | | | | |
|---|---|---|---|---|
| | | | •कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>•सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>•ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>•संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>•सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>•वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>•पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५३ जनाको दरबन्दी रहेकोमा ३१ दरबन्दी रिक्त रहेको पाईयो ।<br>•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>•निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>•संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा -** | |

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री पार्वती ऐरी कार्कीले मिति २०७८। ०३ ।१० गते रु ५८ करोड ४९लाख ९८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८/०४/०५मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **चौमासिक खर्च -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम, ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र. सं. | बजेट उपशीर्षक | बजेटरखर्च | | प्रथमचौमासिक | | दोस्रोचौमासिक | | तेस्रोचौमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| १ | चालु खर्च तर्फ | ४१४७४५। ११ | ३८४४५६। ३८ | १६०८८२। ४३ | १२०१६७। ४० | १२८४५६। १७ | ११०७५०। १४ | ९६१८७।८ ९ | १५३५३८। ८५ |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | पुँजीगत खर्च तर्फ | १५७३५७।४१ | १३६७७३।६२ | ०४८२।६३ | १८०२९।११ | ४३५३१।०६ | ४३२३४।११ | ३०५०६०।०६ | ७५५१०।४० |
| ३ | जम्मा | ५७२१०२।५२ | ५२१२२९।९९ | १९१३६४।७९ | १३८१९६।५१ | १७१९८७।२३ | १५३९८४।२४ | ४०१२४७।९५ | २२९०४९।२४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु ५२,१२,२९,९९०। निकासा भएकोमा प्रथम चौमासिकमा रु.१३,८१,९६,५१०।अर्थात २६.५प्रतिशत, दोश्रो चौमासिकमा रु१५,३९,८४,२४०। अर्थात २९.५ प्रतिशत र तेश्रो चौमासिकमा रु२२,९०,४९,२४०। अर्थात ४४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ५,४९,१०,७३४। अर्थात ४०.१४ प्रतिशत पूँजीगत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ३८२०९।४१ | ३५४१२ | ६।६६ |
| २ | पूर्वाधार विकास | ७१३५१।८८ | ६३३५५।१८ | ११।९२ |
| ३ | सामाजिक विकास | ३१५९०१।८ | २९२६२६।१४ | ५५।०८ |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७५५२।२९ | ६६४२।२४ | १।२५ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १३९०८७।१४ | १३३२२९।७ | २५।०९ |
| **जम्मा** | | **५७२१०२।५२** | **५३१२६४** | १००% |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५५.०८ प्रतिशत र सस्थागत विकास सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा १.२५ प्रतिशत रहेको छ । वातावरण तथा विकास क्षेत्रमा वजेट विनियोजन नभएको देखियो । | |
| १० | | | **खर्च बिश्लेषण -**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ६२७८१३८।३३ राजस्व बाँडफाँड र अनुदानबाट रु ५०,६३,७९,२२१।-समेत रु ५१,२६,५७,३५९। आम्दानी भएकोमा चालु तर्फ रु ३८,४४,५६,३७७।३ र पूँजिगत तर्फ रु १३,६७,७३,६२४।७४ र समेत रु ५२,१२,३०,००२। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२० प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४ प्रतिशत चालु र २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ११ | | | **बजेट तथा कार्यक्रम तर्जुमा -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |
| १२ | | | **अबण्डा बजेट —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु १६ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको नगर प्रमुखको तोकआदेश तथा कार्यापालिकाको पटके निर्णयको आधारमा खर्च गरेको छ । बजेट अबण्डमा राखी सभाको निर्णय बाहिर कार्यपालिकाको निर्णय तथा अध्यक्ष/उपाध्यक्षको स्वविवेकीय निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| १३ | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १४ | | | **अधुरा आयोजना —** | |

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को १३ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले आ व २०७७/०७८ मा रु १०७६३२३१ का ३६ योजना र आ व ०७८/७९ मा रु. २,५३,७२,२४८। का १०१ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ ।विगतको अधुरो योजना सम्पन्न नगरी योजना सार्दै जानुले खर्चको सदुपयोग भएन। यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>रकमान्तर -<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकम तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । यस पालिकाको निर्णय बमोजिम विभिन्न शिर्षकमा कुल रु १ करोड अन्ठाउन्न लाख पैंतालिस हजार अर्थात कुल बजेट रु ५,७२,१०२,५२०। को २.७६ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ ।सो को लागि पालिकाले स्वीकृत लिएको छैन । पालिकाको बिनियोजन ऐनमा व्यवस्था बिना एक शिर्षकबाट सतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति -<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ<br>
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१९९२</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३९१</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१८७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>३८५</td></tr>
</table></td><td></td></tr>
</table>

| | |
|---|---|
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | ० |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक स्थिति देखिएन।

१७

**सवारीसाधन खरिद —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पाङग्रे सवारि साधन खरिदमा रु ६८८३००। खर्च गरेको मनासिव देखिएन । निर्देशिकाको पालना हुनेगरी मात्र सवारी साधनमा खर्च गर्नुपर्दछ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | २ | ६८८३०० |
| | **जम्मा** | | ६८८३०० |

१८

**कोभिड तर्फ आय र व्यय -**

पालिकाको यस आर्थिक वर्ष २०७८।७९ को कोभिड तर्फको आय व्यय निम्नाअनुसार छ।

| **आम्दानी स्रोत** | **रकम रु.** | **खर्च शिर्षक** | **रकम रु.** |
|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गत बर्षको बाँकि</td><td>२१५२९९.९९</td><td>राहत वितरण</td><td>३९८४३५०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटवाट</td><td>४३००२९०</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>५३०००००</td><td>औषधी एवं स्वास्थ्यउपकरण खरिद</td><td>५२९५००</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>0</td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>0</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>0</td><td>खोप कार्यक्रम खर्च</td><td>0</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>0</td></tr>
<tr><td></td><td></td><td>कोभिड प्रभावितलाई नगद हस्तान्त्रण</td><td>५३०००००</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>१७३९.९९</td></tr>
<tr><td>जम्मा</td><td>९८१५५८९.९९</td><td>जम्मा</td><td>९८१५५८९.९९</td></tr>
</table>
कोभिड नियन्त्रणका लागि खर्च गर्दा मितव्ययी र पार्दशीरुपमा गर्ने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कोभिड राहत -<br>कोभिड १९ महामारी प्रभावित अति विपन्न परिवारलाई नगर हस्तान्तरण कार्यविधि, २०७८ ले कोभिडका कारण आय गुमाएका अति विपन्न परिवारलाई प्रति परिवार रु १०,०००।० का दरले नगद वितरण गर्न यस पालिकालाई रु ५३,००,०००।० रकम प्राप्त भएको छ। उक्त रकम खर्च गर्दा कोभिडका कारण रोजगारी गुमाउन पुगेका असंगठित क्षेत्रका मजदुरहरु, फुटपाथमा व्यापार गर्ने साना व्यवसायिहरु, कोभिडका कारण परिवारका निमित्त कमाई गर्ने घरमुलिको मृत्यु भएका परिवार लगायत कोभिड १९ का कारण प्रत्यक्ष असर परेका परिवारलाई उपलब्ध गराउनुपर्ने र उक्त रकम बुझ्ने परिवारको कुनै पनि सदस्य स्वदेशि वा विदेशि स्थाई नोकरिमा संलग्न नभएको हुनुपर्ने, पेन्सन प्राप्त गर्ने व्यक्तिको परिवार र कुनै प्रकारको सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको परिवारलाई वितरण गर्न नहुने उल्लेख छ । यस पालिकाले उक्त रकम वितरण गर्दा वडा स्तरबाट प्राप्त भएको सिफारिसको आधारमा प्रति परिवार रु १०,०००।० का दरले ५३० परिवारलाई उक्त रकम वितरण गरेको छ । यस पालिकाले गरिब घर परिवारको लगत संकलन नगरेको, पालिकाले गरिव पहिचानको लागि कुनै मापदण्ड तयार गरेको नदेखिएकोले वितरण भएको रकम वास्तविक लाभग्राहिले प्राप्त गरेको प्रति आश्वस्थ हुन सकिएन ।यस्तो कार्यमा सुधार गरी मापदण्ड बमोजिम वास्तविक पिडित लाभान्वित हुने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td>४९७</td><td>२०७९-३-८</td><td>पालिकावाट मर्मत कार्यकर्ताको तलव भुक्तानी<br>उपभोत्ता समितिवाट संचालित खानेपानी सिचाइ लगायतका आयोजना सम्पन्न प्रश्चात उपभोत्ता समिति लाई हस्तान्त्रण गर्ने र उपभोत्ता समितिले उत्त आयोजनाको मर्मत सम्भार र संञ्चालन गर्नुपर्दछ। पालिकाले २०७८।१२।१४ को कार्यपालिकाको निर्णयवाट चडेपानी खानेपानी स्वास्थ्य र</td><td>१६२,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सरसफाई आयोजना न्वाली मा मर्मत कार्यकर्ताको रूपमा कार्यरत श्री नवराज भट्ट लाई मासिक १३५००। का दरले १२ महिनामा जम्मा रू १६२०००। मर्मत सम्भारको लागी भुक्तानी गरेको छ। उपभोक्ता समितिवाट गर्नु पर्ने कार्यमा पालिकाले कर्मचारी नियुक्त गरी पारिश्रमिक भुक्तानी गर्ने कार्य मनासिव नदेखिएको रू | |
| २१ | | | **कर्मचारी कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकास कोषको स्थापना गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा एकमुष्ट रु. १८,००,०००। ट्रान्सफर गरेको छ । यसरी एकमुष्ट रुपमा रकम जम्मा नगरी कर्मचारीको योगदान देखिने गरी रकम कट्टि गरी कोषको स्थापना गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २२ | | | **स्वकीय सचिव र सल्लाहकार**<br>सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्ष र उपाध्यक्षको स्वकीय सचिवका रुपमा क्रमश रु. १८०००। र रु. १५०००। मासिक तलब भत्ता भुक्तानी हुने गरी श्री करविर सिंहं कार्की (श्रावण देखि माघ सम्म), श्री उत्तम सिंह कार्की (फागुन देखि जेठ सम्म) र विरभान सिंह कार्की लाई नियुक्त गरी वर्षभरिमा रु. ३४८०००। भुक्तानी भएकोले अनियमित देखिएको रू | ३४८,००० |
| २३ | | | **तलबी प्रतिवेदन**<br>निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५० को व्यवस्था अनुसार जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निजामती कर्मचारीहरूको तथा पालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट स्थानीय स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्नेमा जि.वि.स. वाट समायोजन भएर आएका ४ जना सहायकस्तर चौथो र ४ जना कार्यालय सहयोगी लाई तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता वापत रू ३७,९८,०३६।८० भुक्तानी गरेको छ। तलवी प्रतिवेदन पारित नभएकोले ग्रेड एकिन गर्न सकिएन। तसर्थः जि.वि.स. वाट समायोजन भएर आएका कर्मचारिहरूको तलवी प्रतिवेदन पारित गरेर मात्रै तलव भत्ता भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| २४ | | | **खरिद सम्वन्धि विवरण**<br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । पालिका प्राप्त विवरण अनुसार गाँउपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ । (रु.हजारमा) | |

| क्र.सं. | कार्यक्रमकोनाम | खरिदसम्झौता | | | | | यसवर्षसम्पन्न |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | प्रथमचौमासिक | दोस्रोचौमासिक | तेस्रोचौमासिक | आषाढमहिनाकोमात्र | |

| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **ठेक्का** | ७ | १४०६ | ० | ० | ४ | १८२ | ३ | १२०४ | ० | ० | ५ | २३९७ |
| २ | **सिलवन्दी दरभाउ** | २ | ३६३८ | २ | ३६३८ | ० | ० | ० | ० | ० | ० | २ | ३६३८ |
| ३ | **सोझै खरिद** | ५ | ४९१४ | ० | ० | ० | ० | ५ | ४९१४ | ० | ० | ५ | ४९१४ |
| ४ | **उपभोक्ता समति** | २१३ | ७५६१४ | ३७ | १२१०० | १५० | ५६२३३ | २६ | ७२८१ | ० | ० | २१३ | ७५६१४ |

खरिद कार्य गर्दा प्रतिस्पर्धाको माध्यम अर्थात ठेक्काबाट गराउन बढी प्राथमिकता दिनुपर्ने देखिन्छ ।

२५

**सोझै खरिद —**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाख भन्दा माथि रु.२० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझौ खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाई निम्नानुसार रु.४८,५९,००० को सोझै खरिद गरेको देखियो ।खरिद कार्य गर्दा प्रतिस्पर्धा सुनिश्चित हुने गरी गर्नुपर्दछ ।

| **क्र.सं.** | **निर्माण व्यवसायीको नाम** | **लागत अनुमान कन्टेन्जेन्सी बाहेकमु अ कर समेत** | **भुक्तानी रकममु अ कर समेत** |
|---|---|---|---|
| १ | दुर्गा कस्ट्रक्सन प्रा ली | ९,९२,०००। | ९,९२,०००। |
| २ | ईन्द्रधनु निर्माण सेवा | ९,९९,०००। | ९,५१,०००। |
| ३ | जि के कस्ट्रक्सन प्रा ली | ९,९७,०००। | ९,९७,०००। |

<table>
<tr>
<td></td><td></td><td></td>
<td>
<table>
<tr><td>४</td><td>दोगडा निर्माण सेवा</td><td>९,९१,०००।</td><td>९,९१,०००।</td></tr>
<tr><td>५</td><td>दुर्गा कस्ट्रक्सन प्रा ली</td><td>९,२८,०००।</td><td>९,२८,०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४९,५९,०००।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२६</td><td></td><td></td>
<td>कर्मचारी करार<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १७ पदमा ११८ जना कर्मचारीहरु करारमा राखि रु. ३२०३४४९३। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ६ पदमा ५७ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १२९८४६८५ भुक्तानी गरेको छ। कर्मचारी करारमा कार्यालयले ओ एण्ड एम गरी कानुन बमोजिम मात्र स्वीकृत दरवन्दीमा पदपुर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।</td>
<td></td>
</tr>
<tr>
<td>२७</td><td></td><td></td>
<td>कर्मचारी प्रोत्साहन भत्ता<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोले अनियमित देखिएको रु.
<table>
<tr><th>क्रं.स.</th><th>भौ.न. र मिति</th><th>भुक्तानी भएको रकम</th></tr>
<tr><td>१</td><td>३३-२०७८।०५।११</td><td>२२००००</td></tr>
<tr><td>२</td><td>५५२-२०७९।०३।२४</td><td>२१००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४३००००</td></tr>
</table>
</td>
<td>४३०,०००</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **व्यवसाय कर -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता दस्तुर वापत रु.१० लाख र व्यावसाय कर वापत रु.४ लाख संकलन गर्ने अनुमान गरेकोमा उक्त कर संकलन गरेको देखिएन । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याई व्यावसाय कर असुल गर्ने तर्फ ध्यान पुर्याउनु पर्दछ । | |
| २९ | | | **राजश्व दाखिला -**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन , २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ८ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३० | | | **वडा सचिवको पदपूर्ति -**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><table><tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>८</td><td>८</td><td>४</td><td>४</td></tr></table> | |
| ३१ | | | **कानून र सञ्चालन स्थिति —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ३ वटा नियमावली, र १५ वटा कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ३२ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत | |

| | | | | |
|---|---|---|---|---|
| | | | सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ३३ | | | **अनुदान फिर्ता –**<br><br>.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु. २८,३०,८८०।- सम्परीक्षण गरिएको ।)* | ० |
| ३४ | | | **अनुदानको अनुगमन –**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा जम्मा रु. ८४ लाख ६५ हजार अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३५ | | | **आर्थिक सहायता –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु ४४,५०,०००। आर्थिक सहायता वितरण गरेको छ । आर्थिक वर्ष ०७८।७९ मा पालिकाबाट रू २००० देखि रू ८०००० सम्मका दरले ६८ जनालाई आर्थिक सहायता वितरणमा रू ७५००००। खर्च भएको छ । जुन पालिकाको आन्तरिक आय रु .६२,७८,१३८।३३ को ११.९४ प्रतिशत हुन्छ । यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ। | |
| ३६ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -**<br>स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गराउनु का साथै अद्यावधिक गरी अभिलेख राख्नु पर्दछ । | |
| ३७ | | | **शिक्षक दरवन्दी र पदपुर्ति-** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५९ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ।शिक्षक बिद्यार्थि अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ । | |
| ३८ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्था-** स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ । | |
| ३९ | | | **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागी लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक प्रमाण कागजात संलग्न गरि फर्छौट गरि सक्नु पर्ने व्यवस्था छ। यस गांउपालिकाले आर्थिक वर्ष को अन्त्य सम्ममा देहाय वमोजिमको पेश्की फस्यौट गर्न वाकि रहेको विवरण उपलव्ध गराएको छ। वाकि रहेको म्याद नाघेको पेश्की नियमाअनुसार फस्यौट गर्नुपर्ने रु | १,७३१,००० |

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ५९ | २३० | २२५ | १७ | ७६४२ | १:३४ |

| क्र.स | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्कीको प्रकार | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|---|
| १ | पाईप खरिद | सुरेन्द्र प्रसाद भट्ट | पदाधिकारी | १,५०,०००। | |
| २ | साना तथा घरेलु उद्योग अनुदान तथा प्रवद्धन कार्यक्रम संचालन | श्री केदारनाथ कृषि तथा पसुपंक्षी बहुउद्देशिय फर्म | सस्थागत | २,००,०००। | |
| ३ | सुर्नय नदि झो.पु छेलाखेत वडा नं ८ आमेजारदेउली ,जमाडीगाड | श्री त्रिवेणी स्वास्थ्य वातावरण समुह | सस्थागत | ५,२५,०००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ,बर्तली कुलाझेली वागा, घट्टखेत र गलसेरा झो. पु | | | | |
| ४ | दोगडाधाम पर्यटन उपज कार्यक्रम सञ्चालन लागत साझेदारी | राजेन्द्र /इन्द्र धनु जे. भि | सस्थागत | | २०,००,०००। |
| ५ | दोगडाधाम धार्मिक पर्यटनप्रवद्धन तथा पुर्वाधार निर्माण कार्यक्रम | राजेन्द्र /इन्द्र धनु जे. भि | सस्थागत | | १४३०,८८०। |
| ६ | पातलीगाडा मौलिङ्ग मन्दिर खा.पा योजना | पातलीगाडा मौलिङ्ग मन्दिर खा पा योजना | उपभोक्ता समिति | १,००,०००। | |
| ७ | सुर्नय नदि झो.पु छेलाखेत वडा नं ८ आमेजारदेउली,जमाडीगाड ,बर्तली कुलाझेली वागा, घट्टखेत र गलसेरा झो. पु | वर्तालि झोलुङ्गे पुल निर्माण उ. स | उपभोक्ता समिति | ७,५६,०००। | |
| जम्मा | | | | १७,३१,०००। | ३४,३०,८८०। |

४०

**योजना छनौट र कार्यान्वयन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १७ | ९१ | ९६ | १३ | १४ | २३१ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि १ करोड सम्मका जम्मा २३१ वटा योजना संचालन गरेकोमा रु.१ लाखसम्मका मात्र १७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा

| | | | | |
|---|---|---|---|---|
| | | | खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ४१ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । सामाजिक परीक्षण गराएको भए कति पटक गराएको र यसमा भएको खर्च समेत उल्लेख गर्ने व्यवस्था गरी सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने व्यवस्था हुनुपर्दछ । | |
| ४२ | | | **लागत सहभागिता '**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४३ | | | **बजेटको समिक्षा -**<br>अन्तर सरकारी वित्तीय व्यबस्थापन ऐन,२०७४ का दफा ३०(३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विबरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्था छ । उक्त व्यबस्था अनुसार यस पालिकाले बजेट समिक्षा गरी विबरण सार्बजनिक गरेको पाइएन । समिक्षा गर्दा बजेटले निर्धारण गरेका कार्यक्रमहरुको कार्यान्वयन अबस्था जानकारी लिई आगामी बर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयनमा थप सुधार तथा सहजिकरण हुन सक्नेमा सो अनुसार हुन सक्ने देखिएन । ऐनको व्यबस्था अनुसार बजेट समिक्षा गरी सार्बजनिक गर्ने व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ४४ | | | **बार्षिक खरिद योजना/गुरुयोजना -**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १३,६७,७३,६२४। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४५ | | | **दिवा खाजा -** | |

आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७८।०६।३१मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ५९ विद्यालयका लागि दिवा खाजा बापत रु,४५,११७,४५। विद्यालयको खातामा विद्यार्थि हाजिरिका आधारमा रकम निकासा गर्ने गरेको पाइयो। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिक युक्त खाने कुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको देखिएन ,जसबाट राज्यले गरेको लगानीलको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन त्यसैले पालिका र यस सँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नु पर्दछ।

४६

**शिक्षक विद्यार्थी अनुपात -**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत रहेका ५९ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| **सि.न.** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी** | **पदपुर्ति** | **विद्यार्थी संख्या** | **शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|
| १ | हंसकर प्रा .वि ,श्रीकोट | १ | १ | ७ | १:७ |
| २ | भुमिराज प्रा. वि ,श्रीकोट | २ | २ | २८ | १:१४ |
| ३ | पञ्चदेव महानन्द उ. मा. वि ,रिम | १५ | १३ | ६७८ | १:५२ |
| ४ | चनैराज नि . मा .वि ,धमाली | ३ | ३ | १९७ | १:६५ |
| ५ | दोगडा भुमिराज प्रा. वि ,रिम | १ | १ | १०८ | १:१०८ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१०८ देखि १:७ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न

| | | | | |
|---|---|---|---|---|
| | | | गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा वालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ। | |
| ४७ | | | **एक शैक्षिक सस्था एक उद्यम -**<br>एक शैक्षिक सस्था एक उद्यम कार्यक्रम कार्यान्वन नमुना कार्यविधि, २०७८ को ८ (१३) शैक्षिक सस्थाले एक शैक्षिक सस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन सम्वन्धित स्थानीय तहमा पेश गर्नु पर्ने । त्यसपछी चौमासिक रुपमा वित्तीय र भौतिक प्रतिवेदन प्रतिवेदन पठाउनु पर्ने व्यवस्था छ । यस पालिका र सनातन धर्म मा वि विद्यालय बिच मिति २०७८/१०/२३ गते सम्झौता भई मिति २०७८/१२/८ रु ५,००,०००। मा भुक्तानी भएको देखियो ।कार्यविधिमा उल्लेख भएबमोजिम विद्यालयले प्रारम्भिक प्रतिवेदन र चौमासिक रुपमा वित्तीय र भौतिक प्रतिवेदन पालिकामा पेश नगरेकोले उद्यम कार्यक्रमबाट के कस्तो वित्तीय र भौतिक प्रगती भयो एकिन हुने अवस्था रहेन । विद्यालयले कार्यविधिमा व्यवस्था भएबमोजिमका प्रतिवेदनहरु पालिकामा पेश गरी भौतिक र वित्तीय प्रगतीको अबस्था र यसको प्रभावकारिताको बारेमा जानकारी दिने गर्नुपर्दछ । | |
| ४८ | | | **समानीकरण अनुदानवाट शिक्षकको तलब भत्ता -**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर विभिन्न विद्यालयहरूमा शिक्षक नियुक्त गरी वित्तीय समानीकरण अनुदानवाट रू ३०,०५,२९०। तलब भत्ता भुक्तानी गरेको पाईयो। यस्तो भुक्तानी अनियमित देखिएको रू | ३,००५,२९<br>० |
| ४९ | १४<br>९ | २०७<br>८-<br>११-<br>२२ | **विद्यालयको लेखापरीक्षण-**<br>पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। विद्यालयहरुको आ.व. २०७८।०७९ को लेखापरीक्षण खर्च वापत ५९ वटा विद्यालयहरुलाई रु. ६,४०,००० निकासा दिएको छ । आ.व २०७८।०७९ को लेखापरीक्षणको क्रममा ३७ वटा विद्यालयले मात्र लेखापरीक्षण गरी प्रतिवेदन पालिकामा वुझाएको देखिन्छ। अतः पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नु पर्दछ । | |
| ५० | ४१<br>३ | २०७<br>९-३-<br>२३ | **स्यानिटरी प्याड -**<br>सार्वजनिक खरिद नियमावली २०६४ को ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यकालागि वि जि गुप ट्रेड एण्ड सप्लायर्स बाट रु ६८।६० का दरले २२,०००।थान खरिद गरी पालिकाभरिका विद्यालयलाई वितरण गरेको देखियो । स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिएबमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितकोअभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनुपर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । त्यस्तै | |

<table>
<tr><td></td><td></td><td></td><td>एकै प्रयोजनकालागि बिभिन्न पालिकाले खरिदगरेको स्यानीटरी प्याडको मुल्यमा स्पष्ट कारण बेगर मुल्यमा ठुलो अन्तरदेखिएको तथा निर्देशिका बमोजिम तोकेको प्रकृया पुरा भएको नदेखिनु मनासिब देखिएन । स्यानीटरी प्याडमा गुणस्तरीय परीक्षण प्रतिवेदन समेत संलग्न भएको नदेखिएकोले यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>५१</td><td>१६७</td><td>२०७८-१२-८</td><td>एक शैक्षिक सस्था एक उद्यम -<br>एक शैक्षिक सस्था एक उद्यम कार्यक्रम कार्यान्वन नमुना कार्यविधि, २०७८ को ८ (४) उद्यमकोषको सम्पुर्ण आम्दानी उद्यम सञ्चालन विस्तार तथा प्रवर्द्धनमा खर्च गर्नु पर्ने उल्लेख छ ।यस पालिकाले एक शैक्षिक सस्था एक उद्यम कार्यक्रमका लागि सनातन धर्म मा. वि लाई छनोट गरी रु ५,००,०००।भुक्तानी गरेको रकम मध्ये उद्घघाटन कार्यक्रममा रु ५५,०००।र समापन कार्यक्रममा रु ५५,०००।गरी जम्मा रु १,१०,०००।खर्च गरेको पाईयो।उक्त कार्यक्रमा का लागि प्राप्त रकम उद्यम संचालन विस्तार तथा प्रवर्द्धनमा लगाउनु पर्नेमा कार्यविधी विपरित खर्च गर्नु मनासिव देखिएन रु</td><td>११०,०००</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>शुन्य दरवन्दी -<br>स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ।यस पालिका अन्तरगत ५९ वटा विद्यालय रहेकोमा तपशिलबमोजिमका ५ वटा विद्यालयमा शुन्य दरवन्दी रहेको देखियो । जसले गर्दा नियमित पठनपाठनमा समस्या आउन सक्छ ।पालिकाले शिक्षकको दरवन्दी ,पदपुर्तीको अवस्था र विद्यार्थि सङख्याका आधारमा विद्यालय समायोजन तर्फ ध्यान दिनु पर्दछ ।<br>
<table>
<tr><th>क स</th><th>विद्यालयको नाम</th><th>विद्यार्थि संख्या</th><th>शिक्षक दरवन्दी</th></tr>
<tr><td>१</td><td>केदार आ.वि, पुतौना</td><td>२८</td><td>०</td></tr>
<tr><td>२</td><td>रानीभौनेली आ.वि, घोरडी</td><td>४४</td><td>०</td></tr>
<tr><td>३</td><td>भुमिराज प्रा. वि, ढिकगाडा</td><td>२०</td><td>०</td></tr>
<tr><td>४</td><td>लटिनाथ आ. वि ,गोरङ</td><td>४२</td><td>०</td></tr>
<tr><td>५</td><td>बेताल आ.वि ,मौगडी</td><td>२५</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td>५३</td><td>२६</td><td>२०७८-६-२२</td><td>न्यानो झोला -<br>स्थानिय तहको कार्यक्रम संचालन मार्गदर्शन ,२०७८ ले न्यानो झोला आपुर्ति भै सकेपछी स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको एकीन गरी गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । यस पालिकाले मातृ तथा नवशिसु कार्ययक्रम अन्तर्गत आम सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्वपतन कार्यक्रमबाट न्यानो झोला व्यवस्थापनकनलागि रु ७९२।०३ का दरले ५५८ वटा न्यानो झोला भट्ट सर्जिकल सप्लायर्स बाट खरिद गरेको पाईयो ।पालिकाले खरिद गरेका न्यानो झोला स्पेशिफिकेशन र गुणस्तर बमोजिमका थिए थिएनन खुल्ने प्रमाण नरहेकोले खरिद गरिएका न्यानो झोला गुणस्तर सम्वन्धमा सुनिश्चित हुने आधार रहेन । यस्तो प्रकृयाबाट खरिद गरिनु मनासिब नदेखिनुको साथै न्यानो झोला बितरण गरी उपयोग गरेको सुनुश्चित हुने प्रमाण कागजात समेत रहेका पाइएन ।यस्तो प्रकृयाले खरिद गरी बितरण गर्ने कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>प्रस्तुती सेवा -<br>स्थानिय तहको कार्यक्रम संचालन मार्गदर्शन ,२०७८ मा २४ सै घण्टा प्रसुती सेवा संचालन गर्न स्थायी जनशक्तिको कमी भएको स्वास्थ्य संस्थामा जनशक्ती व्यवस्थापन गर्न करार अ. न .मि को नियुक्ती नेपाल सरकारले तोकेको सहायक चौथो तहको दर अनुसार प्रति अ नि मि प्रति महिना रु २६,६१०। का दरले हुने गरी विनियोजन गरिएको छ । स्थानीय तहमा अ .न. मि करार नियुक्तिको लागि आएको जम्मा बजेटलाई तोकिएको तलब दरले भाग गर्दा आउने संख्या अनुसार कर्मचारी भर्ना गर्नु पर्ने उल्लेख छ । यस पालिकाले रु २६,०००। का दरले ७ जना अ न मि रु २८,०००। का दरले १ जना स्टाफ नर्स गरी ८ जना लाई वर्षभरीमा रु २४,३६,०००।तलब भुक्तानी गरेको छ । निर्देशिकाले तोकेबमोजिम सो कार्यक्रममा अ न मि भर्ना का लागि प्राप्त भएको बजेट रु १,९१,६००।खर्च हुने गरी करारमा भर्ना गर्नु पर्नेमा निर्देशिका विपरित थप व्ययभार पर्ने गरी करारमा अ .न. मि भर्ना गरी अपुग हुने रकम अन्य शिर्षकबाट खर्च लेखेकोले नियम विपरित देखिएको रु</td><td>५२०,०००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>प्रतिवेदन तयार -<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ (७) तलिम सेमिनार ,गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च ,खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सेमिनार ,गोष्ठी ,कार्यशाला र तालिमहरु सञ्चालन गर्दा भत्ता बुझेको भरपाई र चिया ,नास्ताको बिल मात्र संलग्न राखेको पाईयो।तालिमबाट लाभान्वित व्यक्तीको सङख्या ,खरिद गरिएका मालसामान र विषय वस्तुको वारेमा प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार नगरेको हुँदा नियमावलीमा व्यवस्था भएअनुसार तालिम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङख्या खुल्ने गरी प्रतिवेदन तयार गरी स्विकृत गराउने गर्नुपर्दछ । केही उदाहरणहरु -<br>
<table>
<tr><th>क्र स</th><th>गो भौ नं र मिति</th><th>तालिमको नाम</th><th>भुक्तानी लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>६७,<br>२०७८/०९/१६</td><td>ईन्फुएन्जा वर्डफ्लु AMR आदिको सरुवा रोग रोकथाम तथा नियन्त्रण</td><td>महानन्द जोशी</td><td>२०,०००।</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २ | ११५, २०७८/१०/१८ | पोषण कार्यक्रम | नैन सिंह गोयला | २०,९२५। |
| ३ | ११८, २०७८/१०/१८ | पोषण कार्यक्रम | जनक राज कलौनी | १,९६,१३२। |
| ४ | ३८९, २०७९/०३/२२ | आँखा नाक कान तथा घाँटी सम्वन्धि तालिम | जनक राज कलौनी | १,३६,१५६। |
| जम्मा | | | | ३,७३,२१३। |

| | | | | |
|---|---|---|---|---|
| ५६ | | | **औषधी खरिद —**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु २०,९९,५०६। को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन:<br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन नभएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>औषधी खरिद गर्दा उक्त व्यहोरा सम्वन्धमा स्पष्ट हुने गरी खरिद गर्ने, आम्दानी वाध्ने र खर्च गर्ने व्यवस्था हुनु पर्दछ । | |
| ५७ | ४५ | २०७९-८-२० | **उन्नत विउ अनुदान -**<br>बिउ बिजन उत्पादन ,आपुर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को परिच्छेद ३(९)मा उन्नत बिउ उत्पादनमा उपलब्ध गराईने बाली जात र उक्त जात अनुसार प्रति के. जि औसत मूल्य र प्रोत्साहन अनुदान रकम अधिकतम ५० प्रतिशतमा नबढ्ने गरी प्रोत्साहन रकम उपलब्ध गराउने उल्लेख छ । यस पालिकाले खाद्यान्न वालीको उन्नत विउ उपयोगमा मूल्य अनुदान वापत किसानहरुलाई ७० प्रतिशतले रु ८,१५,७२८ अनुदान उपलब्ध गरेको पाईयो । निर्देशिका अनुसार ५० प्रतिशतमा नबढ्ने गरि बढिमा रु ५,८२,६६२। अनुदान दिनु पर्नेमा निर्देशिका विपरित २० प्रतिसतले हुन आउने रकम बढि भुक्तानी दिनु मनासिव देखिएन पालिकाले यस्तो कार्य गर्दा नियमको पालना गर्नुपर्ने रु | २३३,०६६ |
| ५८ | | | **पकेट कार्यक्रम -** | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल ,२०७७ को बुँदा नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादनमुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने लगायतको व्यवस्था छ ।पालिकाले बाख्राको साना व्यवसायिक कृषि उत्पादन पकेट कार्यक्रममा प्राप्त रकम रु ७,००,०००। चनैराज बहुउद्देश्यिय बाख्रा पालन कृषक समुहलाई , गहुँ पकेट र पोखरी निर्माणको रु १०३९८४४।हुनैनाथ बहुउद्देशिय कृषक समुहलाई र मौरीको साना व्यवसायिक कृषि उत्पादनको रु १०६००००।जलसिङ्ग मौरी पालन कृषक समुहलाई भुक्तानी गरेको छ । खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन । जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको भनि एकिन हुन सकिएन।अत कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५९ | ४१७ | २०७९-३-२३ | **किसान सुचिकरण -**<br>गो भौ नं ४१७ मिति २०७९/३/२३ किसान सुचिकरण कार्यान्वयन कार्यविधि, २०७७ को अनुसुचि - ५ मा कृर्षक दर्ता व्यवस्थापन कार्यक्रमको लागि विनियोजित शशर्त रकम खर्च गर्ने आधारहरु उल्लेख गरेको छ । जसमा सुचना प्रवाह एवं प्रचार प्रसार गर्ने घुम्ति शिविर सञ्चालन तथा परिचालकहरु परिचालन गर्ने वडा समितिको बैठक व्यवस्थापन गर्ने र शिविर सञ्चालनका लागि आवश्यक पर्ने ईन्धन वा सवारी भाडा खर्च हल भाडा स्टेशनरी खाजा र अन्य आईपर्ने मसलन्द खर्च गर्ने उल्लेख छ । यस पालिकाले किसान सूचिकरण कार्यक्रम बाट रु १,२३,९७०। को एक वटा ल्यापटप खरिद गरी पालिकामा थन्काएको पाईयो । कार्यविधिमा उल्लेख भएवमोजिमका कार्यक्रमहरु सञ्चालन गरी किसान सुचिकरण कार्यलाई तिव्रता दिनु पर्नेमा ल्यापटप खरिद गरि कार्यालयमा थन्काउनु मनासिव देखिएन । | |
| ६० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम -**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, मन्दिर निर्माण, पर्खाल निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस बर्ष ४१० जनालाई रोजगारी उपलव्ध गराई रु. २३९१४१९८.२२।- खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । रोजगारी सृर्जना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ ।पालिकाले यसमा ध्यान दिनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६१ | ११० | २०७८-१०-१८ | **फरक शिर्षकमा खर्च -**<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । रोजगार सेवा केन्द्रको सञ्चालन (अनुगमन सञ्चालन स्टेशनरि मर्मत )शिर्षकबाट प्राविधिक भत्ता वापत सव ईन्जिनियर श्री दिपक राज जोशीलाई मासिक रु ५०००।का दरले ६ महिनाको रु ३००००।भुक्तानि गरेको पाईयो नियम विपरित फरक खर्च शिर्षकबाट भुक्तानी गर्नु मनासिव देखिएन रु | ३०,००० |
| ६२ | २२८ | २०७९-१-२३ | **बढी निकासा -**<br>आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार विद्यालयमा विद्यार्थी संख्याका आधारमा निकासा गर्ने सबै अनुदान उपलब्ध गराउँदा विद्यालयले प्रविष्ट गरेको EMIS तथ्यांकको आधारमा मात्र उपलब्ध गराउने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म अध्यनरत छात्रा र दलित छात्र हरुको छात्रवृति कार्यक्रममा विद्यालयहरुलाई अनुदान दिँदा EMIS तथ्यांकको भन्दा बढी संख्यामा भुक्तानी दिएको हुँदा देहायबमोजमको बढी भएको रकम असुल गरी दाखिला गर्नु पर्ने रु | १७,६०० |

| सिं नं | विद्यालयको नाम | कक्षा १-८ का छात्रा र दलित छात्र सहित हुनु पर्ने संख्या | कक्षा १-८ का छात्रा र दलित छात्र सहित भएको संख्या | फरक संख्या | दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | केदार आ वि पुतोना सित्तड | १० | १३ | ३ | ४०० | १२०० |
| २ | प्रा वि लेक बसाली | ८ | १० | २ | ४०० | ८०० |
| ३ | बेताल प्रा वि रिम मौगडी | ६ | ७ | १ | ४०० | ४०० |
| ४ | सरस्वती प्रा वि बाँस सित्तड | २० | २३ | ३ | ४०० | १२०० |
| ५ | केदार नाथ प्रा वि श्रीकोट | २८ | २९ | १ | ४०० | ४०० |
| ६ | जयकेदार प्रा वि दोली | ५ | ६ | १ | ४०० | ४०० |
| ७ | भुमिराज प्रा वि बिटकम | २० | ३० | १० | ४०० | ४००० |
| ८ | रानी भौनेली प्रा वि घोरडी | २६ | २८ | २ | ४०० | ८०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>भुमिराज प्रा वि गोवडा</td><td>२०</td><td>२५</td><td>५</td><td>४००</td><td>२०००</td></tr>
<tr><td>१०</td><td>केदार आ वि चौगाँउ</td><td>५८</td><td>५९</td><td>१</td><td>४००</td><td>४००</td></tr>
<tr><td>११</td><td>भुमेश्वर आ वि रिखाली</td><td>६८</td><td>७३</td><td>५</td><td>४००</td><td>२०००</td></tr>
<tr><td>१२</td><td>रौलेश्वर मा वि कालागाँउ</td><td>२१५</td><td>२२५</td><td>१०</td><td>४००</td><td>४०००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१७,६००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td>२०७</td><td>२०७८-११-१८</td><td>
बढि भुक्तानी -<br>
शिक्षा नियामावली ,२०५९ को नियम १७९ मा कुनै कामका लागि आवश्यकता भन्दा बढि रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानुन बमोजिम कारवाही गरि बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस पालिकाले शिक्षकहरुको दोस्रो चौमासिक र तेस्रो चौमासिक रकम निकासा गर्दा यस कार्यालयबाट सरुवा भई रमाना भएका शिक्षकहरुको तलब भत्ता सम्वन्धि एकिन भई निकासा गर्नुपर्नेमा तपशिल बमोजिमका सरुवा भई रमाना भएका शिक्षकहरुको पुरै चौमसिक रकम विद्यालयको खातामा निकासा भएको हुँदा वढि भएको निकासा रकम असुल गर्नु पर्ने रु
<table>
<tr><td>क्र.स</td><td>गो.भौ.नं</td><td>विद्यालयको नाम</td><td>शिक्षकको नाम</td><td>असुल गर्नु पर्ने रकम</td></tr>
<tr><td>१</td><td>३३२, २०७९/०३/१५</td><td>शैलेश्वर मा.वि कालागाँउ</td><td>पुरनलाल चौधरी</td><td>१५२८२६।८</td></tr>
<tr><td>२</td><td>३३२, २०७९/०३/१५</td><td>भुमिराज आ.वि श्रीकोट</td><td>कृष्ण कुमार यादव</td><td>१५२८२६।८</td></tr>
<tr><td>३</td><td>१३३, २०७८/१०/२६</td><td>पञ्चदेव महानन्द उ.मा वि रिम</td><td>हिक्मत बहादुर के.सि</td><td>१४६९१।</td></tr>
<tr><td></td><td colspan="3"></td><td>३,२०,३४४।६</td></tr>
</table>
</td><td>३२०,३४४.६</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>श्रीकोट बहुमुखि क्याम्पस अनुदान</td><td></td></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>नेपालको संविधान को धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखीत बिषयमा निहित रहनेछ । त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानूनबमोजिम हुने उल्लेख छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | मा स्थानीय तहलाई संविधानको अनुसूची-८ बमोजिम प्राप्त एकल अधिकारको सुचि अन्तर्गत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ । उक्त दफा बमोजिम स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यवस्थापन लगायतका कार्य गर्न सक्ने देखिन्छ । तर यस पालिकाले बार्षिक बजेट तथा कार्यक्रममा स्थानीय श्रीकोट बहुमुखी क्याम्पसलाई विभिन्न शिर्षकमा अनुदान उपलब्ध गराएको देखिन्छ । पालिकाले क्याम्पसलाई उपलब्ध गराएको अनुदान सम्बन्धमा देखिएका व्यहोराहरु निम्न रहेका छन् | |
| ६४.२ | | | स्थानीय तहले आफ्नो अधिकारको प्रयोग गर्दा संविधानमा उल्लेख भए बमोजिमको क्षेत्राधिकार भित्र रहेर काम गर्नुपर्नेमा नगरेकाले अधिकार क्षेत्र भन्दा बाहिर यस बर्ष भुक्तानि दिएको कार्य नियम सम्मत नभएको । रु | ८,१९६,८६४ |

| गो।भौ नं। मिति | अनुदान शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| ३५।२०७८।६।२० | श्रीकोट बहुमुखी क्याम्पस अनुदान | १००००००।० | ४ जना शिक्षकको तलब भुक्तानि |
| ४३।२०७८।७।२३ | पर्खाल तथा क्यान्टिन निर्माण | ९,२३,१२८।० | क्याम्पस घेर पर्खाल तथा टेवल कुर्सि खरिद |
| २९।२०७८।६।७ | होस्टल विल्डिङ्ग निर्माण | ५२,९९,७४०।२७ | गत आ ब को ठेक्का |
| ४।२०७८।१२।९ | फर्निचर खरिद | ९,७३,९९६।० | शिक्षा पूँजीगत |
| जम्मा | | ८१९६८६४।२७ | |

| | | | | |
|---|---|---|---|---|
| ६४.३ | | | लागत अनुमान रु।२,९३,७९,६१२।०३ (पी एस रु।५,५३,६५१।८९ र मु अ कर सहित) भइ बोलपत्रको माध्यमबाट श्रीकोट बहुमुखी क्याम्पसको होस्टेल भबन निर्माण कार्यका लागि कवोल रकम रु।१,९५,८९,६३३।०५ मा २०७८।१।३१ मा काम सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री थोदुङ्ग भुमिराज जे भी सँग २०७७।७।४ ठेक्का सम्झौता भएको देखिन्छ ।उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | |
| ६४.४ | | | निर्माण व्यबसायीसँगको सम्झौताको एस सी सी खण्डमा २०७८।१।३१ मा काम सम्पन्न गर्ने उल्लेख भए पनि कार्यदेश दिँदा काम सम्पन्न गर्ने समय २०७८।३।१५ उल्लेख गरी पत्र दिएको छ । सम्झौता र कार्यदिशमा मिति फरक हुने गरी पत्र दिनु मनासिब देखिएन ।ठेक्का सम्झौता अनुसार उक्त भबन निर्माण कार्य २०७८।६।५ मा सम्पन्न भएको उल्लेख भएको आधारमा कार्य सम्पादन जमानत कम्तिमा २०७९।७।४सम्म बहाल रहनु पर्नेमा व्यबसायीले पेश गरेको कार्य सम्पादन जमानत २०७९।४।१५ सम्ममात्र बहाल रहने देखिएकोले उक्त जमानत त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने देखिएन । सम्झौता अनुसार त्रुटी सुधार गर्ने अबधि सम्म बहाल रहने कार्य सम्पादन जमानत नलिनु मनासिब देखिएन । अन्तिम बिल भुक्तानी दिने प्रयोजनका लागि तयार गरेको ठेक्का बिलमा कुल काम गरेको रकम रु.१,६५,१०,२८९।९५ मा मु अ कर र पी एस आइटम बापतको रकम रु.३,३४,५२६।०७ समेत कुल रु.१,८९,९१,१५३।७१ भुक्तानी दिनु पर्नेमा रु.१,९२,३८,८२३।२४ भुक्तानी | |

<table>
<tr><td></td><td></td><td></td><td>दिएकोले रु.२,४७,६६९। बढी भुक्तानी दिएको देखिएको छ । बढी भुक्तानी दिएको रकम अशुल गर्नुपर्ने रु (बेरुजू रकम माथि नै उल्लेख भएकाले अंक नलेखिएको)</td><td></td></tr>
<tr><td>६४.५</td><td></td><td></td><td>निर्माण व्यबसायीलाई प्रोभिजनल सम (पी एस) बापत रु। ३,३४,५२६।०७ भुक्तानी दिएको छ । उक्त रकम भुक्तानी दिदा भुक्तानीका सक्कल विल बिजक लिनु पर्नेमा लिएको छैन । यस्तो अबस्थामा उक्त व्यबसायीले आयकर तथा मु अ कर मा उक्त बिल बिजक पेश गरी खर्च दाबी तथा मु अ कर क्रेडिट दावी गर्न सक्ने अबस्था रहन्छ । उक्त व्यबसायीको पान नं ६१४१३५५१८ मिति २०७९।५।२६ मा पान सर्च गर्दा आयकर तर्फ २०७७।७८ देखि ननफाइलर भनि उल्लेख गरेको देखिन्छ । ननफाइलर भएको कारणले उक्त व्यबसायीले भुक्तानी लिएको कुल रकमको बिबरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा जानकारी पठाइ ननपाइलरबाट हटाउने व्यबस्था गरी पी एस आइटम बापत भुक्तानी दिएको रकम अशुल गर्नुपर्ने रु। ३,३४,५२६।०७ निर्माण कार्य २०७८।६।५ मा सकिएको भनि ठेक्का विल तयार गरे पनि कार्य स्वीकार प्रतिबेदन तयार गरेको पाइएन । सम्पन्न कार्यको तोकिए अनुसार कार्य स्वीकार प्रतिबेदन तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>प्रमाण वेगर खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९।(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने, नियम ३९।(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।त्यस्तैशिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८।७९ को सि।नं। ९।८ र ९।७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु। ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले देहायबमोजिमका विद्यालयलाई अनुदान दिँदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामाग्री खरीद गर्ने लगायतका विषय लगायतका व्यहोरा खुलाउनु पर्ने व्यबस्था छ ।आइ टी ल्याब र बिद्यालय पूर्बाधारको निर्माण अनुदान कार्यका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट निम्न बिद्यालयका लागि निकासा दिएकोमा उक्त काम सम्पन्न गरेको प्रमाण कागजात लेखापरीक्षण समयसम्म पेश गरेको देखिएन भने उक्त रकम निकासा दिँदा पेश्की जनाएको समेत पाइएन । आर्थिक बर्ष २०७८।७९ मा नै सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न नगरी पेश्की समेत नजनाई सोझै भुक्तानी खर्च लेख्ने कार्य मनासिब देखिएन । बिल बिजक बेगर पेश्की नजनाई निकासा दिएको रकमको तोकिएको उदेश्य अनुसार काम गरेको देखिने सबै सक्कल प्रमाण कागजात र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ रु
<table>
<tr><th>क्र सं</th><th>बिद्यालयको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>श्री सनातन धर्म मा बि</td><td>४ कोठे ब्लक</td><td>३६,००,०००।</td></tr>
<tr><td>२</td><td>श्री पंचदेव महानन्द मा बि</td><td>४ कोठे ब्लक</td><td>३६,००,०००।</td></tr>
<tr><td>३</td><td>श्री लाटिनाथ आ बि</td><td>२ कोठे ब्लक</td><td>१८,००,०००।</td></tr>
</table></td><td>२५,३५०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | | ४ \| श्री केदार आ बि \| २ कोठे ब्लक \| १८,००,०००। |

| | | | |
|---|---|---|---|
| ४ | श्री केदार आ बि | २ कोठे ब्लक | १८,००,०००। |
| ५ | श्री केदार मा बि | २ कोठे ब्लक | १८,००,०००। |
| ६ | श्री न्वाली मा बि | २ कोठे ब्लक | १८,००,०००। |
| ७ | श्री भगवती मा बि | २ कोठे ब्लक | १८,००,०००। |
| ८ | श्री भूमिराज मा।वि। | २ कोठे ब्लक | १८,००,०००। |
| ९ | श्री भगवती मा।वि। | २ कोठे ब्लक | १८,००,०००। |
| १० | श्री भुमेश्वर मा।वि। | २ कोठे ब्लक | १८,००,०००। |
| ११ | श्री रौलेश्वर मा।वि | २ कोठे ब्लक | १८,००,०००। |
| १२ | श्री बेताल आ।वि। | ICTC ल्याब व्यवस्थापन | ६,५०,०००। |
| १३ | श्री केदार मा।वि। | ICTC ल्याब व्यवस्थापन | ६,५०,०००। |
| १४ | श्री बलैराज आ।वि। | ICTC ल्याब व्यवस्थापन | ६,५०,०००। |
| | जम्मा | | २,५३,५०,०००। |

६६

**मुल्य अभिवृद्धि कर**

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ मा रू. २० हजारभन्दा बढीको बस्तु खरिद गर्दा दर्ता भएको व्यक्ति, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले रू २० हजारभन्दा बढीको बस्तु खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएका फर्म मार्फत सामान खरिद गरेको छ। यस्तो कार्यमा सुधार गरि मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्म मार्फत सामान खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

| **भौ.न।मिति** | **आपुर्तिकर्ताको नाम** | **कारोवार रकम** |
|---|---|---|
| ६-२०७८।०५।०९ | कैलाश ट्रेडर्स एण्ड सप्लायर्स | २४४९० |
| १९९-२०७८।०९।१२ | वैतडी सन्देश साप्ताहिक | २८००० |

| | | |
|---|---|---|
| १९९-२०७८।०९।१२ | वैतडी सन्देश साप्ताहिक | २८००० |
| ४४६-२०७९।०१।२५ | श्री केदार भुमिराज किराना पसल | २९७५० |
| ४४६-२०७९।०१।२५ | श्री आदर्श वुक्स एण्ड स्टेशनरी | २९२५० |
| ५०३-२०७९।०३।१३ | होटल फुट भिला | २२५०० |
| ५७०-२०७९।०३।२५ | त्रिवेणी होटल | २७९०० |
| ५७१-२०७९।०३।१५ | भण्डारी आयल स्टोर्स | २५००० |
| ५७७-२०७९।०३।२५ | वसन्त डेरी उद्योग | २३००० |
| | दोगडाधाम फुड कम्पलेक्स उद्योग | २५९५० |
| | दोगडाकेदार जनरल स्टोर | २७८०० |
| | आदर्श वुक्स एण्ड स्टेशनरी | ३०००० |
| | आदर्श वुक्स एण्ड स्टेशनरी | २७३६० |
| | आदर्श वुक्स एण्ड स्टेशनरी | २६३०० |
| **जम्मा** | | **३,७५,३००।** |

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रूपैया भन्दा वढी रकमको खरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट मु.अ. कर दर्ता प्रमाणपत्र प्राप्त गरेको फर्म वा संस्थावाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा गांउपालिकाले मु.अ.करमा दर्ता नभएका निम्न सप्लायर्सवाट पटक पटक गरी मसलन्द तथा कार्यालय सामाग्री खरिद भएको पाइयो। गाँपालिकाले खरिद कार्य गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ।

| सि.न. | विवरण | रकम रू |
|---|---|---|
| १ | न्यु रूप टप होटल एण्ड डेरी | १४६६६५ |
| २ | होटल फुट भिला | ११४९०० |

| | | |
|---|---|---|
| ३ | मुनलाईट कम्प्युटर | ११०८६० |
| ४ | चन्द फेन्सी स्टोर | ७७१२५ |
| ५ | दोगडाधाम फुड कम्पलेक्स उद्योग | २४६३६२ |
| **जम्मा** | | **६९५९१२** |

६७ **जिन्सी प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम मिति २०७९।०४।३० मा जिन्सी निरीक्षण प्रतिवेदन पेस गरेको पाईयो। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ। यस पालिकाको आ.व. २०७८।७९ को जिन्सी निरिक्षण प्रतिवेदनले उल्लेख गरेका मर्मत गर्नुपर्ने १२ वटा मोटरसाइकल, १ वटा एम्वुलेन्स, २ वटा स्कुटर, १ वटा कार, १ वटा पिकअप, १५ वटा ल्यापटप, ८ वटा डेस्कटप कम्प्युटर लगायत ४४ प्रकृतिका १८१ वटा मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्थालाई चुस्त र दुरूस्त वनाउनुपर्नेमा सो गरेको देखिएन। जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरू मर्मतको कारवाही अगाडी वढाउनुपर्ने देखिन्छ।

६८ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए सो को लिखित जानकारी सो निकायको प्रमुखलाई दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि यसै नियमावलीको १३ (५) अनुसार लागत अनुमान तयार गर्न लगाई खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले गाडी मर्मत गर्दा लागत अनुमान तयार नगरी निम्नाअनुसारको रकम भुक्तानी दिएको देखिन्छ। मर्मत खर्च लेख्दा लागत अनुमान तयार गरी खर्च लेख्नु पर्दछ।

| **क्र.स.** | **भौ.नं. र मिति** | **आपुर्तिकर्ताको नाम** | **भुक्तानी रकम रू.** |
|---|---|---|---|
| १ | ७९-२०७८।०६।२१ | दक्षिणकाली इन्कर्पोरेट प्रा.ली. | १७९०७२ |
| २ | ८०-२०७८।०६।२१ | आई.एल. एण्ड. सि.एस. स्पेयर्स प्रा.लि. | १४७४१३ |
| **जम्मा** | | | **३२६४८५** |

६९ **फरक खर्च शिर्षक**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ । जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा कार्यालयले निम्नाअनुसार फरक शिर्षकवाट खर्च गरेको देखिएकोले सम्वन्धित खर्च शिर्षकवाटै रकम भुक्तानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

| सि.नं. | भौ.न.।मिति | खर्चको विवरण | वजेट खर्च | खर्च लेखेको शिर्षक | खर्च लेख्नुपर्ने शिर्षक |
|---|---|---|---|---|---|
| १ | १८८-२०७८।०९।०९ | कर्मचारी करार सेवामा पदपुर्ति गर्न वसेको वैठक | ७६५०० | अन्य भत्ता | वैठक भत्ता |
| २ | १९३-२०७८।०९।०९ | पदपुर्ति समितिको वैठक | ५६२०० | अन्य भत्ता | वैठक भत्ता |
| ३ | ६७-२०७८।६।२१ | LGCDP कार्यक्रम अन्तर्गत सुचना प्रविधि अधिकृत लाई तलव भुक्तानी | १५७९६० | पारिश्रमिक कर्मचारी | करार कर्मचारी तलव भत्ता |
| ४ | २४७-२०७८।९।२० | LGCDP कार्यक्रम अन्तर्गत सुचना प्रविधि अधिकृत लाई तलव भुक्तानी | ११९९७० | पारिश्रमिक कर्मचारी | करार कर्मचारी तलव भत्ता |
| ५ | ५५१-२०७९।०३।२४ | LGCDP कार्यक्रम अन्तर्गत सुचना प्रविधि अधिकृत लाई तलव भुक्तानी | ११९९७० | पारिश्रमिक कर्मचारी | करार कर्मचारी तलव भत्ता |
| ६ | ४५९-२०७९।०२।१२ | निर्वाचन कार्यालयका लागी | २४९७३० | पारिश्रमिक कर्मचारि | मसलन्द तथा कार्यालय सामग्री |

| | | | | | |
|---|---|---|---|---|---|
| | | cctv क्यामेरा खरिद वापत भुक्तानी | | | |
| ७ | ५३९-२०७९।०३।२२ | करार कर्मचारिको तलव भत्ता भुक्तानी | १४९३४७९ | पारिश्रमिक कर्मचारि | करार कर्मचारि तलव भत्ता |
| ८ | ५४४-२०७९।०३।२३ | झोलुङगे पुल संरक्षकहरूको तलव भुक्तानी | ७३३३३ | पारिश्रमिक कर्मचारि | करार कर्मचारी तलव भत्ता |
| ९ | ५४५-२०७९।०३।२३ | कृषि करार कर्मचारिको तलव भुक्तानी | ५१४९८० | पारिश्रमिक कर्मचारि | एक वडा एक प्राविधिक तलव भत्ता |
| १० | ५५२-२०७९।०३।२४ | प्रोत्साहन भत्ता भुक्तानी | २१०००० | पारिश्रमिक कर्मचारि | कर्मचारी प्रोत्साहन तथा पुरस्कार |
| ११ | ५८५-२०७९।०३।२५ | सहायक खेल प्रशिक्षकको तलव भुक्तानी | ८७५०० | पारिश्रमिक कर्मचारि | करार कर्मचारी तलव भत्ता |
| १२ | विभिन्न | व्यापार व्यवसाय सञ्चालन गर्न विभिन्न फर्महरूलाई अनुदान भुक्तानी | ६१०००० | गाँउपालिका चालु | समपुरक कोष |
| **जम्मा** | | | ३७६९६२२। | | |

| | | | | |
|---|---|---|---|---|
| ७० | | | **खाना तथा विविध खर्च —** | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ५,९३,०००।खर्च गरेको छ । उक्त खर्च पालिकाको कुल आन्तरिक आय रु .६२,७८,१३८।३३ को ९.४५ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>
विजक न. सिलसेलावार रूपमा नराखेको<br>
कुनै पनि फर्म संस्थाले विजक जारी गर्दा सिलसिलेवार रूपमा विजक न. र मिती अनुसार जारी गर्नु पर्दछ। पालिकाले भुक्तानी गरेका देहाय वमोजिमका फर्म।संस्थाले पेश गरेको विजक न. र मिती सिलसिलेवार रूपमा राखेको नदेखिएकोले यसमा गरेको भुक्तानी यथार्थपरक रहेको मान्न सकिएन।
<table>
<tr><th>क्र.स.</th><th>भौ.न. र मिति</th><th>फर्म</th><th>विल नं.</th><th>मिती</th><th>रकम</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">३८९-२०७८।१२।१०</td><td rowspan="2">संगम गेष्ट हाउस बार एण्ड रेष्टुरेन्ट</td><td>२७०</td><td>२०७८।११।०५</td><td>१९९३०</td></tr>
<tr><td>२६९</td><td>२०७८।१२।०२</td><td>१८६८०</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">४३०-२०७८।१२।२३</td><td rowspan="2">न्यु रूप टप होटल एण्ड डेरी</td><td>३५</td><td>२०७८।११।२८</td><td>११५७०</td></tr>
<tr><td>३३</td><td>२०७८।१२।१०</td><td>१३६२०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६३८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>
धरौटि तर्फ<br>
सार्बजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी बाफतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्यबृद्धि कर समायोनको पत्र वा कर चुक्ता प्रमाणपत्र पेश गरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डी एल पी अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएकाले भन्ने सिफारिस बेगर पनि धरौटी फिर्ता दिएको देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु. १७८३२५०।०० दिने कार्य मनासिब देखिएन तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>गौ.भौ/ मिति</th><th>धरौटी फिर्ता पाउने</th><th>ब्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td>२</td><td>४/०७८/०५/११</td><td>न्यू श्रीकेदार निर्माण सेवा</td><td>कर चुक्ता रमु.अ. करसमायोन पत्र नभएको</td><td>६४१६२२।००</td></tr>
</table>
</td><td>१,७६२,२५०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३ | ५/०७८/०५/११ | सुर्योदय उर्जा प्रा.ली | कर चुक्ता रमु.अ. करसमायोन पत्र नभएको | ४३७४८२।०० |
| ४ | १२/०७८/०६/०६ | भूमिराज केदार कन्सट्रन्सन | कर चुक्ता रमु.अ. करसमायोन पत्र नभएको | २०००००।०० |
| ५ | ३१/०७८/१०/२४ | न्यू श्रीकेदार निर्माण सेवा | कर चुक्ता रमु.अ. करसमायोन पत्र नभएको | ८१०८७।०० |
| ६ | ३२/०७८/१०/२४ | न्यू श्रीकेदार निर्माण सेवा | कर चुक्ता रमु.अ. करसमायोन पत्र नभएको | ३०२६६२।०० |
| ७ | ३५/०७८/०३/१९ | ओम निर्माण सेवा | कर चुक्ता रमु.अ. करसमायोन पत्र नभएको | ९९४३७।०० |
| जम्मा | | | | १७६२२५०।०० |

७३

**असुली गर्न बाँकी आन्तरिक आय-**

३,६७६,५०१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।निम्न अनुसारको रकम प्राप्त गर्नेनरी ठेक्का गरेकोमा व्यवस्थित अभिलेख (खाता) नराखेकोले असुली सम्बन्धमा एकिन गर्न सकिएन । यस सम्वन्धमा कतिपय रकम असुल भएको भनाई पालिकाको रहेपनी असुली रकम र मिति खुल्ने गरी अद्यावधिक खाता तयार गरी पेश नभएकाले असुली र दाखिला सम्वन्धमा एकिन हुन सकिएन तसर्थ ठेक्का पट्टा गरेका निम्न व्यबसायीले सबै रकम असुल गरी मु अ कर समेत दाखिला गरेको देखिने व्यक्तिगत अभिलेख (खाता) सहित कर दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | गोपाल सिंह कार्की | चमेलीया नदीको चमतडी बगर | १२,००,०००।० | एकिन नभएको | १२,००,०००।० |
| २ | रामसिंह कार्की | चमेलीया नदीको पन्ज्यूनंया जमाडी गाड | ४५०,५००।०० | एकिन नभएको | ४५०,५००।०० |
| ३ | धनसिंह गोयला | चमेलीया नदी | १६००,०००।०० | एकिन नभएको | १६००,०००।०० |
| ४ | नरेन्द्र सिंह कार्की | चमेलीया नदीको धापधनथला बगर | २,५१,०००।०० | एकिन नभएको | २,५१,०००।०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>बिरेन्द्र प्र. भट्ट</td><td>ब्यवसायी निकासी सिल्लेगाडा पोष्ट</td><td>१७५,००१।००</td><td>एकिन नभएको</td><td>१७५,००१।००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३६,७६,५०१।००</td></tr>
</table>
उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>सवारी कर-<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष यस्तो कर उठाएको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>राजश्व अभिलेख-<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरी नगदी र असुलीको स्थिति एकिन गर्नुपर्ने देखिन्छ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>राजश्व दाखिला--<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत,१५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ८ वटा वडा तथा गाउँपालिकावाट प्राप्त विवरण अनुसार केही नगदी रसिदको अवस्था निम्न अनुसार छ । पालिकाले यस बर्ष कुल रु ६२,७८,१३८।१५ आन्तरिक आयको गरेको देखिन्छ । लेखापरीक्षणमा पेश हुन नआएका निम्न नगदी रसिद सबै रसिदको असुली र दाखिला स्थिति पालिकाबाटै यकिन गरी प्रमाण पेश हुनुपर्दछ । वडा नं.१ रसिद नं. ३५०१-३६०० र २६०१-२७०० का नगदी ठेलीहरु पालिकामा प्राप्त भएन । वडा नं.२ रसिद नं. ६७०१-६८०० का नगदी ठेलीहरु पालिकामा प्राप्त भएन । वडा नं.३ रसिद नं. १०१-१५०, २५०१-२५५०, १-५०, १७०१-१८००, ३४०१-३५०० र ८०१-९०० का घर कर ठेलीहरु पालिकामा प्राप्त भएन । वडा नं. ५ रसिद नं. १०१-१५० नगदी र ८८१-९०० घर कर ठेली पालिकामा प्राप्त भएन । कार्यालयले छानविन गरी प्राप्त हुनुपर्ने राजश्व यकिन गरी सम्बन्धित कर्मचारीलाई जिम्मेवार बााई सुद समेत असुल गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

७७

**ठेक्का व्यवस्थापन-**

सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । साथै उक्त ऐनमो दफा १२ मा यस ऐनमा उल्लेख गरिएको दरहरु आवश्यताअनुसार प्रदेश सरकारले मात्र परिवर्तन गर्ने सक्ने उल्लेख छ । जसअनुसार स्थानीय तहले ऐनमा तोकीएको भन्दा घटी हुने गरी दर निर्धारण तथा असूल गर्न सक्ने देखिदैन । चमेलिया नदीको आ ई ई प्रतिवेदन अनुसार वार्षिक ८०९९७ घ मी दहत्तर बहत्तर सकलन गर्न सकिने उल्लेख छ ।उक्त व्यवस्था अनुसार प्रदेशले तोकेको न्युनतम दर रु ७५ का दरले हिसाव गर्दा वार्षिक रु ६० लाख ७४ हजार ७७५ राजश्व सकलन हुने देखिन्छ । तर गाउँपालिकाले न्युनतम आय अनुमान समेत नबनाई आय ठेक्का व्यवस्था गरेकोले न्युन राजश्व रु.२५ लाख ४७ हजार ५३०।० मात्र कवोल भई सम्झौता भएको छ । जसले गर्दा पालिकालाई प्राप्त हुने भन्दा रु ३५ लाख २७ हजार २४५ कम आम्दानी भएको छ । ऐनमा उल्लेख गरिएको दरहरु अनुसार राजश्व सकलन हुने गरी आय ठेक्का व्यवस्थापन हुनुपर्दछ ।

७८

**डोजर, लोडर, एक्साभेटर मर्मत**

पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.११९४५७५ ।० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु.४८८४००।० मात्र आम्दानी गरे पनि पालिकाद्वारा संचालित योजनामा यसको प्रयोग भएको पाईएन ।आय र मर्मतको स्थिति परीक्षण गर्दा आय भन्दा मर्मत खर्च बढी भएको देखिन्छ । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि डोजर, एक्साभेटर, टिपर दिर्घकालसम्म चलाउन सकिने गरी कार्यविधि तयार गरी संचालन गर्ने व्यवस्था मिलाई प्रतिफल प्राप्त हुने गरी प्रयोग गर्न जरुरी छ ।

| सि.नं | मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | डोजर | १ | ४५०४५७ | २०३४०० |
| २ | एस्काभेटर | १ | ५९१९५६ | ० |
| ३ | ट्रिपर | १ | १५२१६२ | २८५०० |
| | जम्मा | ३ | ११९४५७५।० | ४८८४००।० |

७९

**आयको अनुमान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>एकीकृ एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१११००००</td><td>१२२७४१३.२४</td><td>११०</td></tr><tr><td>घरजग्ग घरजग्गा वहाल कर</td><td>४००००</td><td>५०१८५.०१</td><td>१२५</td></tr><tr><td>व्यवसा व्यवसाय कर</td><td>५०००००</td><td>०</td><td>०</td></tr><tr><td>अन्य अन्य प्रशासनिक सेवा शुल्क</td><td>७०००००</td><td>१८१९८०३.६०</td><td>२५९</td></tr><tr><td>नगद जम्मा</td><td></td><td>३०९७४०१।८५</td><td></td></tr></table>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । कार्यालयले राजश्व प्राप्त गर्दा राख्नुपर्ने मलेप फाराम राखेको छैन । प्राप्त हुनुपर्ने राजश्व र प्राप्त भएको राजश्व सम्बन्धमा भिडान पनि गरेको छैन । तसर्थ प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन हुन सकियन भन्ने । | |
| ८० | | | **आयको अमुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यबस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत,कर,सेवा शुल्क दस्तुर समेत रु.१ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा रु. ६२ लाख ७८ हजार अर्थात अनुमान भन्दा ३७.२२ प्रतिशत कम आय प्राप्त भएको छ ।आम्दानीका अन्य स्रोत पहिचान गरि आयको अनुमान यथार्थपरक बनाइ आय आर्जन बृद्धि तर्फ ध्यान दिनु जरुरी छ । | |
| ८१ | | | **मनोरञ्जन कर-**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ८२ | | | **ढुङ्गा, गिट्टी, बालुवा-**<br>यस पालिकाले मिति २०७८/०४/१७ मा ढुङ्गा, गिट्टी, बालुवा उत्खननका लागि टेन्डर आह्वान गरेको देखिन्छ । ढुङ्गा, गिट्टी, बालुवा उत्खनन सम्बन्धि कार्यबिधि २०७७ अनुसार निम्न मापदण्ड पालना गरेको देखिएन । मापदण्डमा तोकेका सबै ब्यहोरा पालन गरी प्रमाण लिने ब्यवस्था हुनुपर्दछ ।<br>• उत्खनन स्थलमा सूचनापाटीं राख्नुपर्नेमा नराखेको<br>• सम्झौता गर्ने बोलपत्रदाता भ्याटमा दर्ता हुनुपर्नेमा नभएको<br>• सूचना प्रकाशन गर्दा परिणाम खुलाउनुपर्ने सो नगरेको | |

<table>
<tr><td></td><td></td><td></td><td>• नगदी रसिद बोलपत्रदाताले छपाइ प्रमाणित गराउनुपर्ने नगराएको<br>• निर्देशिका अनुसार खुलाउनुपर्ने सबै ब्यहोरा सम्झौतामा नखुलाएको<br>• पालिकाले अनुगमन गर्नुपर्ने नगरेको पाइयो ।</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>एम्बुलेन्स<br>एम्बुलेन्स संञ्चालन निर्देशिका, २०७६ दफा को उपदफा २ मा एम्बुलेन्सबाट प्राप्त आम्दानी छुट्टै खाता/कोष खडा गरी त्यसमा राखे भनिएता पनि छुट्टै कोषमा राखेको देखिएन । निर्देशिका बमोजिम छुट्टै कोष खोली आम्दानी बाँध्ने व्यवस्था हुनु पर्दछ । त्यस्तै सेवाशुल्क नगदी रसिद काटि बैंक खातामा जम्मा गर्ने भनिएको तर नगदी रसिद नबनाइ लगबुक बनाएको र सो लगबुकमा प्रष्ट खुल्ने गरी आम्दानी नजनाएकाले एम्बुलेन्सको आम्दानी केकति हो एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>आन्तरिक आय-<br>आन्तरिक आय-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यबस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८/७९ मा केन्द्रिय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः-<br>
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>५१२६५७३५९.१५</td><td>६२७८१३८.१५</td><td>१.२३</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>क्षतिपुर्ति असुल<br>स्पष्ट कारण सहित सम्झौताको म्याद सकिनु भन्दा एक्काईस दिन अगाडि निवेदन दिनु पर्नेमा निबेदन नै नदिएको अबस्थामा भुक्तानी दिएको रकम बराबरको काम सम्पन्न भएको तर उक्त ठेक्कापट्टा गर्नुको उदेश्य अनुसार काम नभएको अवस्थामा कार्य स्वीकार प्रतिबेदन नै तयार नगरी काम सम्पन्न भएको मानी ठेक्का विबरण तयार गरी पेश भएको छ ।तोकिए अनुसार काम नभएको तथा नियमानुसार काम सम्पन्न गर्न म्याद थप माग गरी अबधि थप समेत नभएको अवस्थामा निम्न कामहरु अधुरो नै रहेकोले नियमानुसार पूर्ब निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गरी कार्य स्वीकार प्रतिबेदन सहितका प्रमाण पेश हुनु पर्ने रु<br>
(रकम रु हजारमा)<br>
<table>
<tr><td>क्र. सं</td><td>कार्यक्रम</td><td>ठेक्का नं.</td><td>कामको विवरण</td><td>निर्माण व्यवसायी</td><td>सम्झौता मिति</td><td>काम समाप्त</td><td>म्याद थप मिति</td><td>लागत अनुमा</td><td>सम्झौता रकम</td><td>हालसम्म</td><td>०७९ असारसम्म को हुने</td></tr>
</table></td><td>१३०,०००</td></tr>
</table>

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गर्नुपर्ने मिति | | न रकम | | भुक्तानी रकम | पूर्ब निर्धारित क्षतिपूर्ति |
| १ | गा पा पूँजिगत | NCB/DKRM/W/01/078/079 | construction of ward no 02 office Bulding | श्री चनैराज निर्माण सेवा | 9/25/2078 | 2/20/2079 | 3/20/2079 | 7948 | 4806 | 359 | २६ |
| २ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | NCB/DKRM/W/02/078/079 | मैलिंग गाड कालागाउँ सा)र्य लिफ्ट सिंचाइ येजना | श्री चनैराज निर्माण सेवा | 9/25/2078 | 2/20/2079 | 3/20/2079 | 9158 | 5196 | 1019 | ३३ |
| ४ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | NCB/DKRM/W/04/078/079 | खोपट्टे खोला चैगाउँ सौर्य लिफ्ट खानेपानी योजना | श्री चनैराज निर्माण सेवा | 9/28/2078 | 2/20/2079 | 3/20/2079 | 8288 | 4349 | 1581 | २४ |
| ७ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | NCB/DKRM/G/03/078/079 | मैलिंग गाड कालागाउँ सा)र्य लिफ्ट सिंचाइ योजनाको सोलार तथा पम्प खरिद | सूर्योदय उर्जा प्रा.ली. | 2/16/2079 | 3/15/2079 | | | 5935 | 5766 | ४७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | जम्मा | ८७२५ | १३० |

८६

**मु अ कर असुल** ५२१,८९९.७६

मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची - ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले बिभिन्न निर्माण ब्यबसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मू.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर विजक जारी गरेको पाईएन । मू.अ.करमा दर्ता भएको व्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक एकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम असुल हुनुपर्ने रु

| *क.सं.* | *ठेक्का नं* | *व्यबसायीको नाम* | *बिजक नं/मिति* | *मु अ कर बाहेक रकम रु.* | *मु अ कर रकम* | *कैफियत* |
|---|---|---|---|---|---|---|
| *१* | NCB/DKRM/W/4/078/79 | *चनैराज निर्माण सेवा* | *सबै* | *१३,९९,१९२।११* | *१,८१,८९५।* | A4 *साइज पेपरमा कम्यूटरबाट कर बिजक प्रिन्ट गरी जारी गरेको* |
| *२* | NCB/DKRM/W/2/078/79 | | | *९,०२,६३५।१७* | *१,१७,३४३।* | |
| *३* | NCB/DKRM/W/1/078/79 | | | *३,१८,२८२।७८* | *४१,३७६।७६* | |
| *४* | NCB/DKRM/G/3/078/79 | *सूर्योदय उर्जा प्रा लि* | | *५९,३५,७८५।* | *१,८१,२८५।* | |
| | | | | *जम्मा* | *५,२१,८९९।७६* | |

ठेक्का नं NCB/DKRM/G/3/078/79 बाट मैलिङ्गाड कालागाँउ सौर्य लिफ्ट सिँचाई योजनाको सोलार तथा पम्प खरिद गरी संचालन गर्ने कार्यको लागि सूर्योदय उर्जा प्रा लि ले मु अ कर छुट सहितका सामानको मुल्य समाबेश गरी कुल रु. ५९,३५,७८५। को कर बिजक जारी गरेकोमा रु.१,६९,५००। घटाई रु.५७,६६,२८५। भुक्तानी दिएको छ । उक्त काम लेखापरीक्षण समय २०७९ भदौ २५ सम्पन्न भएको छैन भने उक्त काम सम्पन्न गर्नका लागि पालिकाबाट कुनै पत्राचार भएको देखिएन । उक्त काम आबश्यक प्रकृया पुरा गरी काम सम्पन्न गराउनु पर्दछ ।

८७

**अस्पताल भबन निर्माण —**

उक्त कार्यका लागि ठेक्का नं NCB/DKRM/W/1/078/79 बाट भएको कार्यका सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

| | | | | |
|---|---|---|---|---|
| ८७.१ | | | आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९. (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यबस्था छ । निर्माण व्यबसायी श्री राजेन्द्र इन्द्रधनु जे भी ले रु.२८,००,०००। र रु.५,००,०००। सहित कुल रु.३३,००,०००। को पेश्की जमानत लिनका लागि पेश गरेको बैक ग्यारेन्टी पालिकाले तोके अनुसार बिना शर्तको हुनु पर्नेमा प्रभु बैक धनगढी शाखामा जम्मा हुने गरी पेश्की दिए मात्र पेश्की बैक ग्यारेन्टी लागु शर्त राखेर पेश गरेको आधारमा सोही बैकमा रहेको खातामा जम्मा हुने गरी बैक जमानतभन्दा रु.१,३०,८८०। बढी गरी कुल रु.३४,३०,८८०। पेश्की दिएको छ । ठेक्का सम्झौता अनुसार बैक जमानतभन्दा बढी पेश्की दिन नपाउनेमा बढी दिएको रकममा व्याज समेत गणना गरी तत्काल अशुल गर्नुपर्ने रु | १३०,८८० |
| ८७.२ | | | निर्माण व्यबसायी श्री राजेन्द्र इन्द्रधनु जे भी ले मुल्य समायोजन रकम रु.२०,५९,३४७।( मु अ कर समेत) कुल रु.२,२६,५७,६०२।९९ का दुई कर बिजक जारी गरेकोमा पालिकाले पहिलो आइ पी सी को रु.१,६२,२७,५०१।८० र दोस्रो आइ पी सी को रु.६२,४६,५३३।८९ समेत कुल रु.२,२४,७४,०३५।३९ हुने मा मुल्य समायोजन बापतको रु.२०,५९,३४७। घटाउँदा दोस्रो आइ पी सी सम्म रु.२,०४,१४,६८८।३९ को काम सम्पन्न भएको भनि सोही अनुसार हालसम्म उक्त परिमाणको काम सम्पन्न भएको भनि ठेक्का बिल बनाउनु पर्नेमा work completed for running till this bill भनि रु.१,११,५६,४३०।८० को मात्र काम भएको देखिने गरी दोस्रो आइ पी सी सम्मको ठेक्का बिल बनाएकोले आगामी बर्ष तेस्रो आइ पी तयार गर्दा भुक्तानी दिएको भन्दा रु.९२,५८,२५७।५९ घटी हुने गरी आई पी तयार हुने अबस्था भएकोले उक्त रकम मिलान गरी तयार गरेको तेस्रो आइ पी सी, भुक्तानीको गोश्वारा भौचर लगायत आबश्यक कागजात मिलान गरी आइन्दा यस्तो प्रकारले आइ पी सी नबनाउने सुनिश्चितता सहित हिसाब मिलान गरेको प्रमाण पेश हुनुपर्ने रु | ९,२५८,२५७.५९ |
| ८७.३ | | | सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने परिस्थिति सो सम्झौता कार्यान्यनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ तोकिएको अधिकारीले भेरियशन गर्नसक्ने व्यवस्था छ । यसैगरी सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भइसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप गर्न वा नयाँ आइटम थप्न आवश्यक देखिएमा प्राविधिक पुष्टयाई सहित तोकिएको अधिकारीले भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ । उल्लेखित उक्त ठेक्कामा जग्गाको लाइन लेभल नमिलेको जस्ता कारण देखाई पालिकोको आफ्नै एक्साभेटर प्रयोग गरेर गर्ने सकिने कामलाई निर्माण व्यबसायीको एक्जाभेटर प्रयोग गर्ने गरी कार्यपालिकाको २०७८।१२।१४ को निर्णयले रु.३७,८०,१८३।३५ को भेरियसन आदेश जारी गरेको छ । यस्तो प्रकारले भेरियसन जारी गर्नु पर्ने कार्य पूर्बानुमान गर्न नसकिने र पालिकाको एक्साभेटर प्रयोग गर्न नसकिने अबस्थाको नभएकोले उक्त भेरियसन आदेश मनासिब देखिएन । आइन्दा यस्तो अबस्था आइ परेमा पालिकाकै एक्साभेटेर प्रयोग गरी मितव्ययीरुपमा काम गर्ने सुनिश्चितता सहित उक्त भेरियसन जारी गर्ने व्यवस्था हुनुपर्दछ । | |
| ८७.४ | | | मुल्य समायोजनको भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए अनुसार बोलपत्र बुझाउने अन्तिम म्याद भन्दा ३० दिन अगाडीको अवधिलाई आधार मानी Base Index निर्धारण गर्ने र सो पश्चात निर्माण व्यवसायीले पेश गरेको बिल भन्दा ३० दिन अगाडिको अवधिलाई Current Index मानी मुल्य बृद्धि फ्याक्टर निर्धारण गर्ने र सोहि फ्याक्टरको आधारमा मुल्य बृद्धि भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले १० बेड क्षमताको अस्पताल | ४६०,७६०.३५ |

निर्माणको निर्माण व्यवसायी श्री राजेन्द्र इन्द्रधनु जे भी लाई मुल्य समायोजन गणना गर्ने प्रयोजनका लागि Base Index निर्धारण गर्दा March/April 2021/22 मितिको Labor = 541.77, Material = 136.84, Equipment = 122.93सुचाङ्क लिनु पर्नेमा फरक गरी Labor = 541.82, Material = 141.31, Equipment = 124.470 सुचाङ्कलाई लिएको पाईयो । यसरी फरक सुचाङ्कलाई राखेको कारण मुल्य बृद्धि सुचांङ्क बढि हुन गई र मुल्य बृद्धि रकम पनि देहाय अनुसार रु.४,६०,७,६०।३५ बढि भुक्तानी भएको पाईएकोले बढी भुक्तानी भएको असुल हुनुपर्ने रु

| भुक्तानी को गौ भौ/मिति | आई पि सी | पालिकाले मानेको समायोजन योग्य रकम | भुक्तानी *दिएको* फ्याक्टर | हुनु पर्ने फ्याक्टर | फरक फ्याक्टर | भुक्तानी भएको रकम रु. | भुक्तानी हुनु पर्ने रकम रु. | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | १ | १,३१,११,०१३।७९ | १.१३९० | १.१०७९ | ०.०३११ | १८,२२,४३०।९१ | १४,१४,६७८।३९ | ४,०७,७५२।५२ |
| | मु अ कर | | | | | | | ५३,००७।८३ |
| | कुल जम्मा | | | | | | | *४,६०,७,६०।३५* |

८८ **ठेक्का व्यवस्थापन**

८८.१ यस पालिकाबाट यस आ ब मा निम्न अनुसार ठेक्कापट्टा भएको विवरण उपलव्ध भएको छ ।

(रकम रु. हजारमा मु अ कर समेत)

| क्र. सं | कार्यक्रम | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कार्यसम्पादन जमानत | | सम्झौता मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप मिति | कार्य सम्पन्न मिति | लागत अनुमान रकम | सम्झौता रकम | हालसम्म भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | रकम | म्याद | | | | | | | |
| १ | गा पा पूँजिगत | NCB/DKRM/W/01/078/079 | construction of ward no 02 office Bulding | श्री चनैराज निर्माण सेवा | 1215 | 22/10/2079 | 9/25/2078 | 2/20/2079 | 3/20/2079 | 3/20/2079 | 7948 | 4806 | 359 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | संघीय सरकार बाट हस्तान्तरित कार्यक्रम | NCB/DKRM/W/02/078/079 | मैलिंग गाड कालागाउँ सा}र्य लिफ्टसिंचाइ ये}जना | श्री चनैराज निर्माण सेवा | 1554 | 22/10/2079 | 9/25/2078 | 2/20/2079 | 3/20/2079 | 3/20/2079 | 9158 | 5196 | 1019 | |
| | | | ३ | गा पा पूँजिगत | NCB/DKRM/W/03/078/079 | खेचलेक सित्तड रिम डिलासैनी सडकनिर्माण | दुर्गा कन्सट्रक्सन | 2450 | 17/04/2022 | 3/10/2078 | 2/20/2079 | 3/20/2079 | 3/20/2079 | 9949 | 3671 | 3416 | |
| | | | ४ | संघीय सरकार बाट हस्तान्तरित कार्यक्रम | NCB/DKRM/W/04/078/079 | खोपट्टे खोला चैगाउँसौर्यलिफ्ट खानेपानी योजना | श्री चनैराज निर्माण सेवा | 1557 | 10/22/2079 | 9/28/2078 | 2/20/2079 | 3/20/2079 | 3/20/2079 | 8288 | 4349 | 1581 | |
| | | | ५ | गा पा पूँजिगत | NCB/DKRM/W/01/077/078 | construction of 10 Bed Hospital Bulding | राजेन्द्र इन्द्रधनु उग्रतारा जे. भी. | 19200 | 29/06/2023 | 3/17/2078 | 3/17/2080 | | | 146829 | 85146 | 22474 | |
| | | | ६ | संघ पर्यटन पुर्वाधार | NCB/DKRM/W/02/077/078 | construction various civil structure of dogadakeda dham | राजेन्द्र ईन्द्रधनु जे.भि. | 6400 | 25/07/2022 | 7/5/2078 | 3/10/2080 | | 3/17/2080 | 49668 | 30983 | 3430 | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | संघीय सरकार बाट हस्तान्तरित कार्यक्रम | NCB/DKRM/G/03/078/079 | मैलिंग गाड कालागाउँ सा}र्य लिफ्टसिंचाइ योजनाको सोलार तथा पम्पखरिद | सूर्योदय उर्जा प्रा.ली. | 3000 | 4/6/2023 | 2/16/2079 | 3/15/2079 | | 3/14/2079 | | 5935.00 | 5766.00 |

| | | | | |
|---|---|---|---|---|
| ८८.२ | | | उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् <br>ठेक्का सम्झौता गर्दा निर्माण व्यबसायीले पेस गरेको कार्य सम्पादन जमानतको म्याद त्रुटी सुधार गर्ने समय सकिने समयभन्दा थप एक महिना बढीको हुनुपर्ने कानुनी तथा सम्झौतामा उल्लेखित शर्तमा उल्लेख छ । तर माथी उल्लेखित सबै ठेक्काका लागि पेश भएका कार्य सम्पादन जमानतले त्रुटी सुधार गर्ने समय सकिने समयभन्दा थप एक महिना बढी अबधिसम्म बहाल रहने देखिएन ।उक्त व्यहोरा अतिरिक्त माथी उल्लेखित कामको काम सम्पन्न भएको भनि उल्लेख गरे पनि कार्य स्वीकार प्रतिवेदन तयार नभएको र ठेक्कापट्टा गरे अनुसारको कामबाट तोकिए अनुसारको सेवा प्रबाह सुरु नभएकोले काम सम्पन्न भएको भन्ने अबस्था रहेन । काम सम्पन्न नभएको अबस्थामा त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने कार्य सम्पादन जमानत नलिनु मनासिब देखिएन । त्रुटी सुधार हुने अबधिसम्म बहाल रहेन कार्य सम्पादन जमानत लिने र काम सम्पन्न गर्ने अबधि थप हुँदा सोही अनुसार जमानतको अबधि थप गर्नु गराउनु पर्दछ । | |
| ८८.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । त्यस्तै ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्याबधिक गर्नु पर्ने भए पनि कार्य तालिका नै पेश गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्याबधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्यााँङ्कन गर्दै तोकिएको समयमै सबै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ८८.४ | | | निर्माण कार्यलाई गुणस्तरयुक्त बनाउन गुणस्तर परीक्षण गर्नु पर्ने र गुणस्तर परीक्षणका लागि गुणस्तर परीक्षणको प्रकार र पटक अनुसार परीक्षण भए नभएको सम्बन्धमा सम्बन्धित साइट इन्जिनियरले कुनै उल्लेख गर्ने गरेको छैन । तसर्थ प्रत्येक बिलको भुक्तानीमा प्राविधिक नाप जाँच एवं मुल्यांकनको अतिरिक्त उक्त भुक्तानीबाट भएको कार्यमा सम्बन्धित साइट इन्जिनियरबाट गुणस्तर परीक्षण गर्नुपर्ने र परीक्षण गरेको प्रत्येक पटक | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्पष्टरुपमा खुलाई सिफारिस साथ भुक्तानीको लागि पठाउने व्यवस्था गर्नुपर्दछ ।त्यस्तै सामान आपूर्ति सहित जडान गर्ने कार्यको पनि गुणस्तर परीक्षण गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ८८.५ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन । अतः यसको डी एल पी मा रहेका ठेक्काको अद्यावधिक अभिलेख राखी त्रुटी सुधार गर्नुपर्ने अबधिमा कुनै कमी कमजोरी देखिए सोमा सुधार गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| ८८.६ | | | सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण नगरी म्याद थप गर्ने गरेको पनि देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| ८८.७ | | | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार माथी उल्लेखित सबै ठेक्कामा बीमा गरेको प्रमाण लिएको पाइएन । नियमको व्यबस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी सबै कार्यमा बीमा गराउने एवं ठेक्काको म्याद थप हुँदा बीमा अवधि पनि थप गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ८८.८ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ ।माथी तालिकामा उल्लेखित सबै ठेक्काको तोकिए अनुसार काम सम्पन्न भई सेवा दिने अबस्थामा नभए पनि थप बजेट र कार्यक्रमको सुनिश्चिततासमेत नभएको अबस्थामा काम गरे अनुसार भुक्तानी दिएकै आधारमा कार्य स्वीकार प्रतिवेदन तयारी बेगर नै काम सम्पन्न भएको जनाएको छ । सम्झौताअनुसार सबै काम सम्पन्न गरी त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा सो सच्याएरमात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने व्यबस्था गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |
| ८८.९ | | | सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । माथी उल्लेखित सबै ठेक्कामा उपरोक्त अनुसार सुचना राखेको प्रमाण राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| ८८.१० | | | पालिकामा सञ्चालित बिभिन्न योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीबेक्षणका लागि पालिकाका उपप्रमुखको अध्यक्षतामा समिति गठन गर्ने व्यबस्था अनुसार यस पालिकामा पनि उपप्रमुखको अध्यक्षतामा समिति गठन भए पनि उल्लेखित ठेक्काबाट गरीएका कार्यको अनुगमन तथा सुपरीबेक्षण गरेको देखिने प्रमाण ठेक्का फाइलमा रहेको पाइएन । तोकिएका सबै कार्यको अनुगमन तथा सुपरीबेक्षण गरी निर्माण कार्य समयमै सम्पन्न गर्ने र निर्माण कार्यको उच्चतम गुणस्तर कायम गर्न अनुगमन तथा सुपरीबेक्षणका समिति सजग रहनु पर्दछ ।<br>ठेक्का बापत भुक्तानी दिँदा गरेको कामको यथार्थ नाप जाँच गरी यथार्थ गरेको कामभन्दा बढी नहुने गरी भुक्तानी दिनु पर्दछ । तर माथी तालिकमा उल्लेखित क्र सं ३ मा उल्लेखित निर्माण कार्यका निर्माण व्यबसायी श्री दुर्गा कन्स्ट्रक्सनलाई दुई ठेक्का बिलको जोड अनुसार कुल रु.३३,२६,५३४।२६ भुक्तानी दिनु पर्नेमा रु.३४,१७,२१४।९८ भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम रु.९०,६८०।अशुल गर्नुपर्ने रु | ९०,६८० |
| ८९ | ९६ | २०७९-३-२३ | **उपाध्यक्ष कोशेली**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । यस पालिकाले उपाध्यक्ष कोसेली कार्यक्रमबाट श्री नैन सिँह गोयलालाई सावुन , ब्रस ,ज्वानो लगायतका विविध सामानहरु खरिद वापत रु ५,५०,०००।भुक्तानी गरेको देखियो ।उक्त सामानहरु क - कस ले प्राप्त गरे अथाव मौज्दात बाँकि छ एकिन हुन नसकिएकोले एकिन गरि वितरण गरेको प्रमाण पेश गर्ने रु | ५५०,००० |
| ९० | | | **गत आ व को भुक्तानि**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा तलब(स्वीकृत दरबन्दीको), महङ्गि भत्ता र स्थानिय भत्ता, सरुवा भ्रमण खर्च, घरभाडा, पोशाक खद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनी सँग भएको सम्झौता बमोजिमको रकम मात्र भुक्तानि दिन मिल्ने उल्लेख छ । त्यसैगरी उक्त नियमावलीको नियम ३९(१) मा कार्यलय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रहि खर्च गर्नुपर्ने र ३९(२) मा कार्यालयले चालु आर्थिक बर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरि दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । यस पालिकाले यस बर्षको बजेटमा गत आ.व.को | |

| | | | | |
|---|---|---|---|---|
| | | | भुक्तानि दिन बाँकि विवरण प्रमाणित गराई रु ६८,१०,५९३।— खर्च गरेको छ । उक्त प्रमाणित विवरणमा कतिपय योजनाहरुमा बजेट भन्दा बढि खर्च भएको र कतिपय योजनाहरु असार अन्तिममा सम्झौता भएका कारण समयमा नै काम सम्पन्न नभएका कारण देखाई यो बर्ष भुक्तानि दिएको पाइयो । कार्यकलयले योजना तर्जुमाको समयमानै पर्याप्त बजेट विनियोजन गर्ने र योजनाहरु समयमानै सम्पन्न गर्ने गरि सम्झौता गर्ने तर्फ ध्यान दिन आवश्यक देखिन्छ । | |
| ९१ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ३६३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. २३८९६२९२५.० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ९२ | २१ | २०७९-५-११ | **लागत अनुमानमा नभएको कार्य**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३क) मा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम, कार्य वा सेव सम्पन्न गर्नु पर्ने अवधि खुलाई उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने उल्लेख छ । यस पालिकाको बमन्यौडा पाडी तल्ली पाडी चिउरी बुदिल सडकको लागि उपभोक्ता समितसँग भएको सम्झौतामा Medium rock र Hard Rock को कार्यको लागि लागत अनुमान तयार नभएको तर अन्तिम विल भुक्तानि दिदा उक्त कार्य निम्न बमोजिमका परिमाण र दरमा भुक्तानि भएको पाइयो । सम्झौतामा समावेश नभएको कार्य बापत भुक्तानि भएको रकम मनासिब देखिएन रु<br><br>**कार्य** \| **परिमाण(घ.मि.)** \| **दर रु** \| **रकम रु**<br>Excavation for Medium rock \| **21.66** \| **457.38** \| ९९०६.८५<br>Excavation for Medium rock \| **21.66** \| १५४२.६६ \| ३३४१४.०१<br>जम्मा \| \| \| ४३३२०.८६ | ४३,३२०.८६ |
| ९३ | | | **मन्दिर निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न १४ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ७३,०१,९३२.० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमाकूल पालिकाको पुँजिगत बजेटको ५.३ प्रतिशत खर्च भएको देखियो | |

| | | | | |
|---|---|---|---|---|
| | | | । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले आय आर्जन तथा रोजगारी बढाउने तथा सडक सिंचाई योजना निर्माण जस्ता कार्यमा ध्यान दिनु पर्दछ । | |
| ९४ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ। पालिकाले सम्झौता, नापी किताब संलग्न नगरि देहायबमोजिमको कार्यक्रमबाट विभिन्न साइज का पाइप तथा ग्याविन जालि खरिद गरि वितरण गरेको देखिएकाले खरिद भएका पाइप तथा ग्याविल जालि जडान भएको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु | ४,४४७,९९ ३.९ |

| भौ।नं।।मिति | कार्यक्रम | आपुर्तक | साइज | सामाग्रि विवरण | रकम रु |
|---|---|---|---|---|---|
| ७०।२०७८।८।२४ | पाइप खरिद | एन।वि।ट्रेड एण्ड सप्लायर्स | 20mm HDP pipe | २७००० मि। | १०७२४२६।५ |
| | | | 25 mm HDP Pipe | १३८०० मी। | ७०२१९७।८२ |
| ९६।२०७८।९।१८ समानिकरण पूँजिगत | ग्याविन जालि खरिद | | 3*1*1 | २५० गोटा | १३५९९९७।४ |
| | | | 2*1*1 | १० गोटा | ३७३९९।९५ |
| | | | 1।5*1*1 | ६० गोटा | १६७९९९।५९ |
| ११७।२०७८।१०।०६ | पाइप खरिद | | 20mm HDP pipe | २१०० मि। | ८८१०९।० |
| २६५।२०७९।३।२५ | पाइप खरिद | डाडाबाग ट्रेड एण्ड सप्लायर्स | 20mm HDP pipe | २१०० मि। | १०२९१७।०१ |
| | | | 25mm HDP pipe | १६०० मि। | १०४०१४।२४ |
| | | | 75mm HDP pipe | ५५२मि। | ३१३१२७।५२ |
| **सशर्त तर्फ** | | | | | |
| ९६।२०७८।१२।३० | पाइप खरिद | शुभलाभ पाइप उद्योग | 20mm HDP pipe | ६०००मि। | २०३४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | 25mm HDP pipe | १०००मि। | ४६१२६।६ |
| | | | 32mm HDP pipe | १००० मि। | ५५०००।० |
| | | | 110mm HDP | ४११ मि। | १९५२७७।४ |
| जम्मा | | | | | ४४४७९९३।०९ |

९५ ३५६,३७३.३

**बढि भुक्तानि**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख)मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरु मार्फत निम्नानुसारको कार्यको नापी कितावमा वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य उल्लेख हुन गइ भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु

| **क.सं** | **योजना तथा उपभोक्ता समितिको नाम** | **वास्तविक भन्दा बढी देखिएको परिमाण** | **औसत दर** | **बढी भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| **1.** | जनतोला खानेपानी योजना | ४०.८४५ घ.मि. | १८०.२५ | ७३६२.३१ | पाइपलाइनको खन्ने कार्यको ३०% पाइपलाइन पुर्ने काम हुनुपर्ने पुरै खन्ने कार्यको लिएको |
| **2.** | गोलसेरा पुल संरक्षण | १६३ घ.मि. | ९०० | १४६७०० | ग्याविनमा ढुङ्गा भर्ने कार्य एकै वडामा ढुङ्गाको रेटमा रु ९०० प्र.घ.मि. बढि राखेको |
| **3.** | पञ्युनया खानेपानी योजना | ०.६७५ घ.मि. | १३६८२.७८ | ९२३५.८७ | इन्टेकको ढुङ्गाको गारो लगाउने कार्यमा २ वटा लङ वाल र २ वटा सर्ट वाल हुनुपर्नमा ३ वटा लङ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | वाल र ४ वटा सर्ट वालको भुक्तानि दिएको |
| **4.** | | १५.१२ व.मि | ४४०.८२ | ६६६५.१९ | **Stnd postplaster work** (०.२३*४) हुनुपर्नेमा ०.९२ हुनुपर्नेमा १.२ भएको |
| **5.** | भूमिराज मन्दिर निर्माण | ५.१३६ घ.मि. | ४२७५ | २१९५६.४ | **Stone Soiling** को **height 0.13** हुनुपर्नेमा १.२ भएको |
| **6.** | सुजला खानेपानी योजना | ०.१४२ घ.मि. | १३०१९.२७ | १८४८.७ | **P.c.c**कार्यमाएउटा प्लाटफर्मको काम बढि भएको |
| **7.** | | ०.१४ घ.मि. | १५१४०.३२ | २११९.६४ | **P.c.c. for Rcc** मा एउटा **Tap stand post** को कार्य बढि भएको |
| **8.** | | ३३.२१ घ.मि | ७७.२५ | २५६५.४७ | बाटो खन्ने कार्यका लागि कडा माटोमा **doli** को नर्मश अनुसार ०.६ जना प्रतिघनमिटर हुनुपर्नेमा भवनको नर्मश ०.७ राखेको जसले एक घनमिटर खन्न रु ४६३.३५ लाग्नेमा रु ५४०.७५ राखेको |
| **9.** | रिखाली लिफ्ट खानेपानी | ५५.९७ घ.मि | २३१.७५ | १२९७१ | बाटो खन्ने कार्यका लागि नरम माटोमा **doli** को नर्मश अनुसार ०.५ जना प्रतिघनमिटर हुनुपर्नेमा भवनको नर्मश ०.८ राखेको जसले एक घनमिटर खन्न रु ३८६.३५ लाग्नेमा रु ६१८ राखेको |
| **10.** | दोगडा बडिया शैलेश्वर पर्यटन सडक | १२१७.३ घ.मि | ११५.८८ | १४१०६०.७ | बाटो खन्ने कार्यका लागि नरम माटोमा **doli** को नर्मश अनुसार ०.६ |

| | | | | | |
|---|---|---|---|---|---|
| 11. | खोचलेक जिमकोट न्वाली सडक | २५.२९ | १५३.७५ | ३८८८.३४ | जना प्रतिघनमिटर हुनुपर्नेमा भवनको नर्मश ०.७५ राखेको जसले एक घनमिटर खन्न रु ४६३.५ लाग्नेमा रु ५७९.३८ राखेको |
| | **जम्मा** | | | **३,५६,३७३.३** | |

| | | | | |
|---|---|---|---|---|
| ९६ | २७ | २०७८-६-६ | **व्याकह्योलोडर भाडा**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले गत बर्षको योजना मेलचौरा च्यानि सडक योजनाका लागि पालिकाको व्याक्ह्योलोडर प्रतिघण्टा रु ५०००।० का दरले भाडामा लगाएको र उक्त योजनामा कुल ४५.७ घण्टा मेशिन चलेको देखिन्छ । पालिकाले उक्त योजनामा गत आ.व. २०७७।७८ मा रु २,००,०००।— पेश्कि भुक्तानि भएको र यस आ.ब. मा कार्यसम्पन्न पश्चात रु १,७८,२८१।— भुक्तानि भएको देखिन्छ । उक्त योजनामा पालिकाको व्याक्ह्योलोडर बापतको भाडा बापतको हुन आउने रकम रु २,२८,५००।— पालिकामा दाखिला भएको देखिदैन । पालिकाले आम्दानी बापतको रकम सम्बन्धित उपभोक्ता समितबाट असुल गरि दाखिला गरिनुपर्ने रु | २२८,५०० |
| ९७ | | | **बिल पेश गर्नुपर्ने**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदा गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले निम्न योजनाहरुको अन्तिम भुक्तानि बापतको रकम निकासा गर्दा नापि किताबमा उल्लेख भएका निम्म कार्यहरुको विल विजक पेश गरेको पाइएन । नियमावलीको व्यवस्था पालना गरि विल विजक पेश हुनुपर्ने अन्यथा सम्बन्धित उपभोक्ताबाट असुल हुनुपर्ने रु | ५५४,९८२.६४ |

| **गो.भौनं.** | **योजनाको नाम** | **कार्य** | **रकम रु (मु.अ.कर समेत)** |
|---|---|---|---|
| ४३।२०७८।७।२३ | श्रीकोट बहुमुखि क्याम्पस पर्खाल तथा क्यान्टिन निर्माण | Fencing wire (134.77rm*297.04) | ४५२३६.२५ |
| | | Iron gate(3.15m²*2663) | ९४७८.९५ |
| | | Glass work(1.14m²*6797.24)) | ७७४८.८५ |

| | | | |
|---|---|---|---|
| | | Electrification and wiring | १००००.०० |
| ५५।२०७८।८।२० | न्वाली पि.सी.सी बाटो निर्माण | Earth work excavation (33.7*75.69) | २८८२.३५ |
| १६५।२०७८।११।२५ | गणैराज आ.वि.मर्मत | 26 gauge color CGI sheet for roof | २९७८३.५६ |
| | | 26 gauge color Plain Sheet for door | १२०००८.५३ |
| २३२।२०७९।३।८ | भूमिराज मन्दिर निर्माण | Painting work (61.58*184.38) | ११३५४.१२ |
| | | Channel gate (4.68*2698.11) | १२६२७.१५ |
| | | Concrete block(20.9*1865.19) | ३८९८२.४७ |
| २५४।२०७९।३।२४ | खोचलेक आ.वि. मर्मत | Bench and desk (15*12580) | १८८७००.०० |
| | | Brick massonary(0.53*20461) | १०८४४.३३ |
| १५७।२०७८।११।१५ | दशापले मन्दिर निर्माण | Wall of concrete block | ६७३३६.०७६ |
| **जम्मा** | | | **५५४९८२.६३६** |

९८

**निजी आवास निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता, मितव्यिता र प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष २०७८।७।१३ को कार्यपालिकाको निर्णयबाट वडा भवन निर्माणको बजेटबाट रकमान्तर गरि स्थानीय नागरिक श्री राजि लुहार(द्वन्द्व पीडित भनिएको) को घर निर्माणमा रू। ३,३७,९८५।० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमानिजी निर्माण कार्य गरेको पाइयो । पालिकाले योजना बनाउँदा समग्र समुदायलाई लाभ हुने गरि योजना बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९९

**पेश्कि**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(१) मा कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्बन्धि कामका लगि सरकारी कर्मचारी बाहेक कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई पेश्कि दिँदा प्रचलित कानून बमोजिम बैंक

<table>
<tr><td></td><td></td><td></td><td>जमानत लिनुपर्ने उल्लेख छ ।यस पालिकाले त्रिवेणी स्वस्थ वातावरण समुहलाई झोलुङ्गे पुल निर्माणमा उपभोक्तालाई परामर्श सेवा उपलब्ध गराउने गरी सम्झौता भएको र परामर्श सेवा उपलब्ध गराएबापत ६ प्रतिशत सेवा शुल्क पाउने दावि सहित उक्त संस्थाको पत्रका आधारमा पालिकाले उक्त संस्थालाई रु ५,२५,०००।० पेश्कि उपलब्ध भएको छ । पेश्की उपलब्ध गराउदा नियमावली बमोजिम बैंक जमानत नलिइ पेश्कि दिएको पाइयो ।पेश्कि दिदा बैंक जमानत दिएर मात्र दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१००</td><td></td><td></td><td>नाँप जाच गर्नुपर्ने<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यको लागि आवश्यक सबै सामाग्री तथा ज्यालाको परिमाण तथा दरको आधारमा लागत अनुमान तयार गर्नु पर्ने र सोही अनुसार उपयुक्त खरिद विधि निर्धारण गरी गर्नु पर्ने हुन्छ ।पालिकाले यस बर्ष केहि योजनाहरुको लागत अनुमान तयार गर्दा reinforcement र Ms angle लगायतका कार्यहरु छुटाइ लागत अनुमान तयार गरेको देखिन्छ। कतिपय योजनाहरुमा वास्तविक कार्य भन्दा फरक कार्य भएको पनि देखिन्छ । भुक्तानीको लागि नापजाँच गर्दा समेत उक्त कार्यको परिमाण नापी कितावमा समावेश गरेको देखिएन । Reinforcement र Ms angle सहितको निर्माण कार्य भएको फोटो श्रेस्ता साथ संलग्न भएकोमा लागत अनुमान अनुसार नै नापी किताव तयार भएबाट प्राविधिक नापजाँच तथा लागत अनुमान यथार्थपरक छ भन्न सकिने अवस्था छैन ।प्राविधिक नापजाँचको कार्यलाई जिम्मेवार बानाई वास्तविक नापी किताव र उपभोक्ताको विल पेश हुनु पर्ने रु
<table>
<tr><th>भौ।नं।</th><th>योजनाको नाम</th><th>भुक्तानि रकम</th><th>कैफियत</th></tr>
<tr><td>१६१।२०७८।११।२५</td><td>चौक सिचाई योजना</td><td>९,५६,९७१।०</td><td>नापि किताबमा (2*1*1) को २५ ग्याविन जालि प्रयोग भएको भनिएको तर उपभोक्ताले खरिद गरेको बिलमा 3*1*1 को १८ जालि देखिएको</td></tr>
<tr><td>१६२।२०७८।११।२५</td><td>दोगडाकेदार मनोरञ्जन पार्क</td><td>२,८४,१६५।०</td><td>नापि कितावमा Pillar र रेलिङ्गको काम नभएको तर फोटोमा भएको</td></tr>
<tr><td>२४८।२०७९।३।२२</td><td>रिखाली लिफ्ट खानेपानी</td><td>१०,३३,९०९।०</td><td>एङ्गल पोलको खन्ने र तार लगाउने काम भएको तर एङ्गल पोल गाड्ने कार्य नदेखिएको</td></tr>
<tr><td>२५६।२०७९।३।२४</td><td>६ नं वडा कार्यालय भवन निर्माण</td><td>२९,१४,९१३।०</td><td>Stair मा form work र Rcc भएको तर reinforcement को कार्य नदेखिएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५१,८९,९५८।०</td><td></td></tr>
</table></td><td>५,१८९,९५८</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १०१ | | | **चेनेज नखुलेको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा सार्वजनिक निकायले खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै सम्झौता गर्नु पर्ने समेतको विचार गर्ने पर्ने व्यवस्था छ। पालिकाले यो बर्ष निर्माण गरिने सडकको मूल लागत अनुमान तयार गरी उपलव्ध बजेट र समयको आधारमा चेनेज खुलाई फरक फरक खण्डको नाम दिई प्रतिस्पर्धात्मक खरिद विधि छनौट गर्नु पर्नेमा एउटै नाम रहेका सडकहरु सबैको चेनेज शुन्यबाट शुरु गरेको अवस्थामा उक्त कार्यको यथार्थता यकिन हुन सकियन । यस सम्बन्धमा फरक फरक स्थानमा काम गरिएको भए सो खुल्ने स्पष्ट प्रमाण कागजात पेश हुनुपर्ने रु | ४,८५६,६८९ |

| सि न | सडक योजनाका नाम | भुक्तानी रु | फर्मको नाम | कार्य |
|---|---|---|---|---|
| १ | खोचलेक सित्तड रिम डिलाशैनी सडक | ९९२३७७ | दुर्गा कन्स्ट्रक्सन | व्याक कटिङ |
| २ | खोचलेक सित्तड रिम डिलाशैनी सडक | ९२८३७८ | दुर्गा कन्स्ट्रक्सन | मोड सुधार |
| ३ | खोचलेक सित्तड रिम डिलाशैनी सडक | ९५१६२६ | इन्ध्र धनुस निर्माण सेवा | मेसिनरी वाल निर्माण |
| ४ | खोचलेक सित्तड रिम डिलाशैनी सडक | ९९२९५८ | जि।के। कन्स्ट्रक्सन | ग्याविन वर्क |
| ५ | खोचलेक सित्तड रिम डिलाशैनी सडक | ९९१३५० | दोगडा निर्माण सेवा | ब्याक कटिङ |
| जम्मा | | ४८५६६८९ | | |

| | | | | |
|---|---|---|---|---|
| १०२ | | | **म्युजीक भिडियो निर्माण**<br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ बमोजिम एक लाख रुपैया भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले ग्रिन लाइट मिडिया सेन्टर प्रा।ली।लाई पालिकाले पाँच बर्ष अवधिमा गरेका कार्यहरुको स्वरुप झल्कने गरि लोक देउडा बनाए वापत रु ४,१८,100/- भुक्तानी गरेकोमा सोको लागत अनुमान नबनाएकोले रु ४१८१०० नै लागत हुने हो भन्न पनि सकिएन। साथै उक्त म्युजिक बनाएको भिडियो सि।डी।को दाखिला समेत पेश भएको छैन। सम्झौता बमोजिम भिडियो सि.डि.को दाखिला गर्नुपर्ने रु | ४१८,१०० |
| १०३ | | | **शिर्षक फरक पारी खर्च-**<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले यस बर्ष कार्यपालिकाको निर्णय बमोजिम सशर्त तर्फको बजेट बाट गाउँपालिका समानिकरणको योजनामा खर्च गरेको पाइयो ।यस सम्बन्धका देखिएका केहि व्यहोरा निम्न बमोजिम रहेका छन् । ऐन विपरित हुनेगरि फरक शिर्षकमा भुक्तानिगरिएको रकम नियममित नभएको रु | २,१८५,३४५ |

| गो।भौ।नं। | बजेट प्राप्त योजना | खर्च भएको शिर्षक | रकम रु |
|---|---|---|---|
| ५२।२०७८।१०।१८ | मोलिंग गाढ कलागाउँ सौर्य लिफ्ट खानेपानी | प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता | २,२०,१३३।- |
| ६९।२०७८।११।११ | | बैठक भत्ता | ९२,३००।- |
| ७५।२०७८।११।२२ | | बैठक भत्ता | ६९०००।- |
| ९६।२०७८।१२।३० | खोपटेखोला चौगाउँ सौर्य लिफ्ट | पाइप खरिद तथा वितरण | ४,९९,८०४।- |
| १०२।२०७९।१।२६ | मोलिंग गाढ कलागाउँ सौर्य लिफ्ट खानेपानी | सलेना सिंचाई योजना | ६,५०,८८०।- |
| ११५।२०७९।३।१४ | खोपटेखोला चौलागगाउँ सौर्य लिफ्ट खानेपानी | गोगन खोला खानेपानी सोलार पम्प खरिद | ७,००,७३५।- |
| १४३।२०७९।३।२३ | मोलिंग गाढ कलागाउँ सौर्य लिफ्ट खानेपानी | सलेना सिंचाई योजना | ११,५३,०३२।- |
| जम्मा | | | २१,८५,३४५।- |

१०४ **सोलार पम्प खरिद-**

१०४.१ पालिकाले यो बर्ष विभिन्न आयोजनाका लागि आवश्यक सोलार खरिद गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्न रहेका छन् ।

| **सि न** | **गो।भौ।नं।** | **योजनाको नाम** | **भुक्तानी रु** |
|---|---|---|---|
| १ | १०८।२०७९।२।१६ | मोलिंगगाढ कलागाउँ सौर्य लिफ्ट खानेपानी | ६८०००० |
| २ | ११५।२०७९।३।१४ | गोगनखोला खानेपानी | ७००७३५ |
| | | जम्मा | १३,८०,७३५ |

१०४.२ सार्वजनिक खरिद नियमावली, २०६४ (एघारौं संशोधन) को नियम ८५(१) अनुसार रु १० लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सक्ने र उक्त दफाको १(ख) एक आर्थिक बर्षमा एकै पटक वा पटक गरी उल्लिखित सिमा भन्दा

| | | | | |
|---|---|---|---|---|
| | | | बढी रकमको एउटै व्यक्ति फर्मसामग्री खरिद गर्न शिलबन्दी कोटेशनको माध्यमबाट प्रतिस्पर्धा गराएर घटीवालासँग खरिद कार्य गर्नु पर्ने उल्ख छ । पालिकाले यो बर्ष सुर्योदय उर्जा प्रा।लिसँग विभिन्न योजनाका लागि आवश्यक पानी तान्ने सोलार लिफ्ट मोटर पम्म खरिद प्रतिस्पर्धा नगराइ सोझै खरिद गरेको पाइयो । नियमावलीको व्यवस्था पालना गरि खरि कार्य गर्न तर्फ पालिकाको ध्यान जान आवश्यक देखिन्छ । | |
| १०४.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यस बर्ष विभिन्न खानेपानी योजनाका लागि सुर्योदय उर्जा प्रा.लि. सँग सोलार पम्म खरिद गरेको र उक्त खरिद सम्झौतामा उक्त फर्मले सामान ढुवानी देखि जडान सम्मको कार्य गर्ने उल्लेख छ । यस पालिकाले उक्त योजना सम्पन्न नहुँदै उक्त सोलार पम्प जडान भएको नापी गरि सम्झौताको केहि अंश कट्टि गरि भुक्तानि दिएको छ । यसरी योजना सम्पन्न नहुँदै मोटर खरिद गर्दा उक्त मोटरमा क्षति हुने जोखिम हुने र उत्पादकले दिएको वारेन्टि योजना सुरु नहुँदै सकिने जोखिम रहन्छ । पालिकाले जडान नभएको पम्प समेत जडान भएको भनि नापि किताव तयार गरेको र गुणस्तर परिक्षण समेत नगरेको पाइयो । उक्त मोटर जडान भएको प्रमाण खुल्ने कागजात पेश गर्नुपर्ने रु | १,३८०,७३५ |
| १०५ | ४१० | २०७९-३-२३ | **पाईप खरिद तथा वितरण -**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायाले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले पोषण सुधारकालागि विद्यालयमा खानेपानि तथा सरसफाई योजना निर्माण वा मर्मत सम्भार कार्यक्रमबाट रु ४,९८,८३९। खर्च गरी १३५०० मिटर पाईप खरिद गरेर १० वटा विद्यालयलाई १३५० मिटरका दरले वितरण गरेको पाईयो ।यसरी खरिद गरि वितरण भएका पाईप जडान भएको नापि किताब र कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु | ४९८,८३९ |
| १०६ | | | **सामाजिक सुरक्षा वितरण**<br>पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एक बैंकबाट जम्मा रु. १,१९,५०००,४३७।० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । सामाजिक सुरक्षा नियमावली, २०७७ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राखुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १०७ | | | **केवाइसी अपडेट-**<br>सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय | |

<table>
<tr><td></td><td></td><td></td><td>भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०८</td><td></td><td></td><td>दोहोरो सुरक्षा भत्ता-<br>आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमालवली, २०७७ नियम ३९ अनुसार रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । पालिकाका विभिन्न वडामा सामाजिक सुरक्षा रकम वितरण गर्दा निम्न सेवाग्राहीलाइ दोहोरो भुक्तानी दिएको पाइयो । दोहोरो परेको रकम सम्वन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>क.स.</th><th>सामाजिक सुरक्षाको प्रकार</th><th>लाभग्राहीको नाम</th><th>जन्ममिति</th><th>प्रमाणपत्र नम्बर</th><th>किस्ता रकम</th></tr>
<tr><td></td><td colspan="5">वडा नं. १</td></tr>
<tr><td>१</td><td>बालपोषण क्षेत्र</td><td>सुर्यप्रसाद जोशी</td><td>२०७७/१०/४</td><td>००२४६</td><td>१५९६*४=६३८४</td></tr>
<tr><td>२</td><td>बालपोषण क्षेत्र</td><td>तुलसा बिक</td><td>२०७७/१/२५</td><td>००१६५</td><td>१५९६*४=६३८४</td></tr>
<tr><td></td><td colspan="5">वडा नं. ३</td></tr>
<tr><td>३</td><td>बालपोषण क्षेत्र</td><td>सन्दिप अवस्थी</td><td>२०७७/१२/२७</td><td>३८७</td><td>१५९६*४=६३८४</td></tr>
<tr><td>४</td><td>बालपोषण क्षेत्र दलित</td><td>विनोद राम भुल</td><td>२०७७/५/१७</td><td>१९१</td><td>१५९६*४=६३८४</td></tr>
<tr><td>५</td><td>बालपोषण क्षेत्र दलित</td><td>शृष्टि भुल</td><td>२०७६/७/९</td><td>७७</td><td>१५९६*४=६३८४</td></tr>
<tr><td>६</td><td>बालपोषण क्षेत्र दलित</td><td>जानकी भुल</td><td>२०७४/२/२०</td><td>२०५</td><td>१५९६*३+८७५=५६६३</td></tr>
</table></td><td>१२०,९९१</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | वडा नं. ४ | | | | |
| ७ | बालपोषण क्षेत्र | आदित्य विष्ट | २०७४/०६/२१ | ००००१८ | १५९६*४=६३८४ |
| | बालपोषण क्षेत्र | चन्दा ठगुन्ना | २०७८/०३/१९ | ०२ | १५९६*३+५३२=५३२० |
| ९ | बालपोषण क्षेत्र | रोजिता कुमारी भाट | २०७७/०६/५ | २०७७०६०५०५०१९ | १५९६*४=६३८४ |
| | वडा नं. ६ | | | | |
| १० | ज्येष्ठ नागरिक एकल | देबुली जोशी | २०१३/१२/७ | १४८८ | ५३२० |
| | वडा नं. ६ | | | | |
| ११ | ज्येष्ठ नागरिक | बेलु देवी कार्की | २००३/१२/३० | १८५२ | १२००*४=४८००० |
| १२ | ज्येष्ठ नागरिक | नन्दराज भट्ट | २०७८/१२/२७ (मृत्यु मिति) | ७३३०५४/२१ | १२०००। |
| | | | | जम्मा | १२०,९९१।०० |

१०९

**निष्कृय खाताको निवरण-**

सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ । एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।

११० **स्थानीय तहका पदाधिकारी सुविधा -**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ | उपप्रमुख/ | वडाअध्यक्ष ८ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २७ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | | | जना | |
| १ | बैठक भत्ता | ९३५०० | ८५०० | ५८६५० | ६७२००.००० | ४०२५०.००० | १८३९५० |
| २ | यातायात खर्च | १२०००० | १०८००० | ९२००० | ३९००० | २९५०० | ३८८५०० |
| ३ | टेलिफोन,मोबाइल | ७२००० | ६०००० | ३३६००० | २१६००० | ६४८००० | १३३२००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ५४००० | ३८४००० | २१६००० | ६४८००० | १३६२००० |
| ५ | समन्वय तथा सहजीकरण | १०८००० | ८४००० | ५७६००० | ३६०००० | ९७२००० | २१००००० |
| ६ | अतिथि सत्कार | १२०००० | ९६००० | ६७२००० | 0.00 | 0.00 | ८८८००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४२००० | ३६००० | १९२००० | १४४००० | ३२४००० | ७३८००० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | १२८००० | ५४००० | १८९००० | ४१८५०० |
| | जम्मा | ५५६३५० | ४६९००० | २४३८६५० | १०९६२०० | २८५०७५० | ७४,१०,९५०। |

यसबर्ष पदाधिकारी सबिधामा रु ७४,१०,९५०। खर्च भएको छ जुन आन्तरिक आयको ११८ प्रतिशत रहेको छ ।

१११ **महङ्गी भत्ता** ९६,०००

<table>
<tr><td></td><td></td><td></td><td>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र, नेपाल सरकार-मन्त्रिपरिषदको मिति २०७४।१।२१ को निर्णय अनुसार सबै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दी भित्र करारका कर्मचारीहरुलाई महङ्गी भत्ता र स्थानीय भत्ता दिने भन्ने कुनै व्यवस्था नरहेकोमा यस दोगदा केदार गाँउपालिका वैतडी मा करारमा कार्यरत निम्न ६ जना कर्मचारीहरूलाई मासिक रू. २०००। का दरले १२ महिनामा जम्मा मंहङ्गी भत्ता वापत रू. १४४०००। र स्थानीय भत्ता वापत रू २६८८० गरि जम्मा रू १,७०,८८०। भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू
<table>
<tr><th>क्र.स.</th><th>कर्मचारिको नाम र पद</th><th>महङ्गि भत्ता</th><th>स्थानीय भत्ता</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>ईन्जिनियर श्री भोजराज भट्ट</td><td>२४०००</td><td></td><td>२४०००</td></tr>
<tr><td>२</td><td>अ.स.ई. श्री किरण बहादुर बिष्ट</td><td>२४०००</td><td></td><td>२४०००</td></tr>
<tr><td>३</td><td>का. सहयोगी श्री बिरभद्र गिरी</td><td>२४०००</td><td></td><td>२४०००</td></tr>
<tr><td>४</td><td>का. सहयोगी श्री दिपक बिष्ट</td><td>२४०००</td><td></td><td>२४०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>९६,०००</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु. ७४,८८०।- सम्परीक्षण गरिएको।)</td><td></td></tr>
<tr><td>११२</td><td></td><td></td><td>जरिवाना (विमा नविकरण)<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा सवारी साधनको विमा नविकरण ढिलो गरेकोले जरिवाना स्वरूप रू १६४१०। भुक्तानी गरेको छ। यस्तो भुक्तानी मनासिव नदेखिएको रू
<table>
<tr><th>क्र .स</th><th>गो भौ नं र मिति</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१६२, २०७८/०८/२३</td><td>३००</td></tr>
<tr><td>२</td><td>३८०, २०७८/११/१६</td><td>१६११०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६४१०</td></tr>
</table></td><td>१६,४१०</td></tr>
</table>

११३

**आयकरमा ननफाइलर**

आयकर ऐन,२०५८ अनुसार प्रत्येक करदाताले आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आयकरको आय बिबरण बुझाउनु पर्दछ । म्याद थप भएको अबस्थामा पुस महिनासम्ममा पनि बुझाउनु पर्दछ । यस पालिकावाट रकम भुक्तानी लिएका घनघस्या मिडिया प्रा.लि. को २०७९।५।२४ मा प्यान सर्च गर्दा निम्न अनुसार आयकर ननफाइलर देखिएकोले निजले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा नियमितरुपमा आय बिबरण बुझाई प्रचलित कानुन अनुसार आयकरको हिसाब मिलान गरेको छ भन्ने अबस्था रहेन । यस्ता संस्थालाई काम गरेको भुक्तानी रकम सम्बन्धमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा जानकारी पठाई आयकरको हिसाब मिलान गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | आयकरनन्फाइलर रहेको मिति |
|---|---|---|---|---|
| १५१-२०७८।०८।२० | घनघस्या मिडिया प्रा.लि. | ६०९७०४३८१ | ४९४०००। | आ.व. २०७६।७७ देखि |

११४

**जरिवाना (विद्युत्त महशुल)** २७,८९९

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि विद्युत्त मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू २७८९९। भुक्तानी गरेको छ। यस्तो भुक्तानी मनासिव नदेखिएको रू

| क्र.स. | भौ.न. | जरिवाना रकम |
|---|---|---|
| १ | ४४५-२०७९।०१।१९ | १५१४४ |
| २ | ४४५-२०७९।०१।१९ | १२७५५ |
| **जम्मा** | | **२७८९९** |

११५

**सुपथ मुल्य पसल सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे

वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्न किराना पसलहरूलाई सुपथ मुल्य पसल सञ्चालन गर्न रू ५००००० को दरले जम्मा रू १००००००। भुक्तानी भएकोमा सुपथ मुल्य पसल सञ्चालन सम्बन्धि कार्यविधी नवनेको र पालिकावाट अनुगमन समेत हुने गरेको नपाईएकोले यसमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.स. | भौ.न.र मिती | पसलको नाम | भुक्तानी भएको रकम |
|---|---|---|---|
| १ | २३०-२०७८।०९।१८ | केदार दोगडा भुमिराज किराना पसल | ५००००० |
| २ | ३२१-२०७८।१०।१८ | बामुनी आमा किराना पसल | ५००००० |
| **जम्मा** | | | **१००००००।** |

११६

**प्रोत्साहन रकम**

पालिकाले कुनै पनि खर्च गर्दा कार्यविधि वनाएर खर्च गर्नु पर्दछ। मदिरा पसल वन्द गरे वापत कार्यपालिकाको निर्णयवाट प्रोत्साहन स्वरूप निम्न मदिरा पसललाई जम्मा रू २०००००। भुक्तानी भएकोमा प्रोत्साहन प्रदान गर्ने कार्यविधी नवनेको, पालिका भित्रका मदिरा पसलको सम्पुर्ण तथ्याङ्क संकलन नगरी सिधै दुई वटा फर्म का संचालकलाई प्रोत्साहन रकम भुक्तानी भएको र रकम भुक्तानी पछि कुन व्यवसायमा संलग्न छन् रकमको सहि सदुपयोग सम्वन्धमा अनुगमन कार्य नभएकोले यस्तो रकम भुक्तानी गर्दा कार्यविधी वनाउने र भुक्तानी पछि अनुगमन गर्नु पर्ने देखिन्छ।

| क्र.सं. | मदिरा पसल | संचालकको नाम | भुक्तानी भएको रकम |
|---|---|---|---|
| १ | पेरिस मदिरा पसल | श्री नन्दे सिंह महरा | १००००० |
| २ | बिष्ट मदिरा पसल | श्री जयराज विष्ट | १००००० |
| **जम्मा** | | | २००००० |

११७

**नमुना कृषि तथा पशु फर्म अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। नमुना कृषि तथा पशु फर्म अनुदान को लागी जम्मा रू २८०००००। भुक्तानी भएकोमा अनुदान दिने कार्यविधी र भुक्तानी प्रश्चात अनुदानको उपलब्धि सम्बन्धमा अनुगमन हुने गरेको नपाईएकोले यसमा सुधार हुनुपर्ने देखिन्छ।

११८ | ११ | २०७८-

**फरक कार्यमा खर्च**

<table>
<tr><td></td><td></td><td>११-११</td><td>कृषि विउविजन तथा मल केन्द्र स्थापना गर्न रू ५०००० । भुक्तानी भएकोमा सम्वन्धित कार्यमा नै खर्च गर्नुपर्नेमा मिती २०७८ माघ २४ गते को कार्यपालिकाको निर्णय वाट सविता सिलाई सेन्टरलाई व्यवसाय संचालन गर्नको लागी उक्त रकम भुक्तानी भएकोले तोकिएको कार्यक्रममा मात्रै खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>११९</td><td></td><td></td><td>जोखिम भत्ता<br>कोभिड भाइरस संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखीम भत्ता व्यवस्थापन आदेश २०७७ अनुसार कोभिड १९ को रोकथाम नियन्त्रणमा प्रत्यक्ष खटिने स्वास्थ्य क्षेत्र लगायतका कर्मचारीलाई २०७६ चैत ९ गते पछि थप प्रोत्साहन भत्ता उपलब्ध गराउने उल्लेख छ । नियन्त्रणका लागि स्वस्थ्यकर्मीलाई निर्देशिकाले तोके बमोजिम प्रत्यक्ष रुपमा संक्रमितको सम्पर्कमा रही सेवा प्रदान गरेका ७९ स्वास्थयकर्मीलाई तलब स्केलको ५० प्रतिशत रकम रु ९७१०८५ गो.भौ. नं. ५५ मिती २०७८।०६।२१ मा खर्च लेखेको छ।त्यसैगरी व्यवस्थापन कार्यमा प्रशासनका २३ जना कर्मचारीहरु संलग्न भई विभिन्न स्वस्थ्य सामाग्री ओसार पोसार, भण्डारण,वितरण लगायतका कार्यमा खटिए बापत तलब स्केलको ५० प्रतिशतले हुने रू २७९९४५ रकम गो.भौ. नं. ५३ मिती २०७८।०६।२१ मा खर्च लेखेको छ ।कोभिड भाइरसको रोकथाम नियन्त्रणमा खटिएका ११ सुरक्षाकर्मिलाई पनि तलब स्केलको ५० प्रतिशतले हुने रु ११९४९५ रकम गो.भौ. नं. ५५ मिती २०७८।०६।२१ मा खर्च लेखेको छ । यसरि स्वास्थ्यकर्मि वाहेक सुरक्षाकर्मि र प्रशासनिक कर्मचारीलाई जोखिम भत्ता दिने कार्य मनासिव देखिएन।</td><td></td></tr>
<tr><td>१२०</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२१</td><td></td><td></td><td>डीपीआर खर्च —<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><table><tr><td>कार्यविवरण</td><td>परामर्शदाता</td><td>स्वीकृत लागतरकम</td><td>खर्चरकम</td><td>अध्ययनबाट निर्धारण भएकोआयोजनाको लागत</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>ढिकगाड सलेना लिप्ट सिचाई</td><td rowspan="2">टि आ ई एम ईन्जिनियरिङ कन्सल्टेन्सी</td><td rowspan="2">१००००००</td><td rowspan="2">९९५०००</td><td>७४३१४१८.९६</td></tr>
<tr><td>चडेपानी लिप्ट खानेपानी</td><td>६७५३४११.०९</td></tr>
<tr><td>जमाडी गौकुरा सित्तङ लिप्ट सिचाई</td><td rowspan="2">सरु कन्सट्रक्सन एण्ड सप्लार्यस</td><td rowspan="2">१००००००</td><td rowspan="2">९९६०००</td><td>७११३६५४.३२</td></tr>
<tr><td>रिम लिप्ट खानेपानी</td><td>६६६७१९२.५७</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>१२२</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख -<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु३०,५८,५६८। कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन ।</td><td></td></tr>
<tr><td>१२३</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन -<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्इङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>१२४</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १२५ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यबिधिको दफा ३ मा सम्बन्धित स्थानीय तहले छनौट भएका लाग्राहीसँग अनुसूची -२ बमोजिमको ढाँचामा अनुदान सम्झौता गरी लाभग्राहीको सूची सम्बन्धित बैंकलाइ उपलब्ध गराउने भनेकोमा पालिकामा सम्पूर्ण लाभग्राही सँगको सम्झौता भएको पाइएन । यस पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १ सय २६ घरपरिवारको खरको छाना बिस्थापन गराउने गरि कार्यक्रम संञ्चालन गरी रु.२९ लाख खर्च गरेको देखिन्छ । यसैगरी उपदफा ८ बमोजिम पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीय तहको प्राविधिकले अनुसूची-३ बमोजिमको प्राबिधिक प्रतिबेदन सहित गरेको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट दोस्रो तथा अन्तिम किस्ता दिने भनिएकोमा प्राबिधिक प्रतिबेदन बिना नै दोस्रो किस्ता बितरण गरेको छ । प्राविधिक प्रतिवेदन बिनानै दोस्रो किस्ताको रकम वितरण गरेकाले तोकिए बमोजिमको कार्य भएको प्रति आस्वस्थ हुन नसकिएकाले कार्य भएको देखिने प्रमाण पेश हुनुपर्ने रु | २९,००,००० |
| १२६ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐनस्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।<br><table><tr><td>गत वर्षसम्मको बेरुजु (A)</td><td>यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B)</td><td>गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B)</td></tr><tr><td>८८९२७</td><td>०</td><td>८८९२७</td></tr></table> | |